# प्रभाव दैनिक

National Daily

वर्ष ७ अंक २०९ काठमाडौं बुधबार, १ पुस २०७७ Prabhab National Daily, Wednesday, December 16, 2020 URL www.prabhabonline.com पृष्ठ १२ मूल्य रू. ५।-



सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


सन्दर्भ : वैदेशिक रोजगार

## बेरोजगारीको विकल्प वैदेशिक रोजगार

■ लोकराज रूम्दाली

**काठमाडौं–** कोभिड-१९ का कारण बिदेशबाट रोजगार गुमाएर बेरोजगार बनेका युवालाई स्वदेशमै तत्काल रोजगारी सिर्जना गर्ने अवस्था नदेखिएकाले यसको एउटै विकल्प वैदेशिक रोजगारी नै रहेको प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले जनाएको छ ।

मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई वैदेशिक क्षेत्रको समस्या समाधानका लागि बुझाएको १७ बुँदे ज्ञापनपत्रमा वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई तत्काल रोजगार सिर्जना गर्न सकिने अवस्था नभएकाले त्यसको विकल्प वैदेशिक रोजगारी नै रहेको जनाइएको हो ।

जारी विज्ञप्तिमा भनिएको छ, 'बैदेशिक रोजगारबाट फर्किएकाहरूलाई स्वदेशमै तत्काल रोजगार दिन सक्ने अवस्था नभएकाले वैदेशिक रोजगारी नै बेरोजगारीको एक मात्र बिकल्प हो । अन्यथा यस्ले ठूलो विकराल रूप लिनेछ ।'

अधिकांश श्रम गन्तव्य मुलुकहरूमा कोरोना नियन्त्रणमा आइसकेको र ती मुलुकबाट कामदार आपूर्तिका लागि माग आए पनि बेरोजगार युवाहरूले उक्त अवसर प्राप्त गर्नबाट वञ्चित रहनुपरेको मञ्चका संयोजक रामप्रसाद भान्तनाले बताएका छन् ।

उनले भने, 'विभिन्न श्रम गन्तव्य मुलुकहरूले कोरोना नियन्त्रण गरेर कामदार आपूर्तिका लागि मागपत्र आह्वान गरे पनि उक्त अवसरबाट बेरोजगार नेपाली युवाहरू वञ्चित भएका छन् । कि त स्वदेशमै रोजगारको व्यवस्था हुनुपर्छ कि त वैदेशिक रोजगारको बाटो खुला गरिदिनुपर्छ ।'

कामदार विदेश पठाउने सन्दर्भमा रोजगारदाता कम्पनीले क्वारेन्टिन खर्च आफैंले ब्यहोर्ने प्रतिबद्धता जनाएको खन्डमा निर्वाध रूपमा विदेश जान पाउने व्यवस्था मिलाइनुपर्ने पनि मञ्चले जारी गरेको ९ नम्बरको बुँदामा उल्लेख छ । यस्तै, म्यानपावर व्यवसायीहरूले यस क्षेत्रसँग सम्बन्धित मेडिकल, ओरियन्टेसन सञ्चालन गर्न नपाउने बाध्यकारी नियमको संशोधन गरिनुपर्ने पनि विज्ञप्तिमा उल्लेख छ ।

म्यानपावर व्यवसाय सञ्चालन गर्दा करोडौं रूपैयाँ धरौटी राखेका व्यवसायीहरूले व्यवसाय सञ्चालन गर्नबाट समेत वञ्चित रहनुपरेको मञ्चले जनाएको छ । जापानमा प्रशिक्षार्थी कामदार पठाउने सन्दर्भमा प्रशिक्षार्थी कामदारका रूपमा नभई कामदारकै रूपमा माग भइरहेकाले उक्त व्यवसाय सञ्चालन गर्न सबै व्यवसायीले पाउनुपर्ने भनिएको छ ।

वार्षिक सय जना कामदार अनिवार्य रूपमा वैदेशिक रोजगारमा नपठाएको खण्डमा संस्था नवीकरण नहुने सन्दर्भमा पनि मञ्चले दीर्घकालीन समस्या समाधानका लागि मन्त्रालयले त्यसतर्फ कदम चाल्नुपर्ने ज्ञापनपत्रमा जनाइएको छ । मन्त्रिपरिषद्को बैठकले कोभिड-१९ का कारण वैदेशिक रोजगार ऐन, ०६४ बमोजिम वार्षिक सय जना कामदार पठाउन असमर्थ म्यानपावर सबैलाई बचाए पनि हाल उक्त समस्या उस्तै रहेकाले त्यसको दीर्घकालीन समाधान अपरिहार्य रहेको मञ्चल विज्ञप्तिमार्फत भनेको छ ।

यसैगरी कोभिड-१९ का कारण पूर्वस्विकृति पाई वैदेशिक रोजगारमा जानबाट वञ्चितहरूलाई १ वर्षका लागि पूर्वस्विकृतिको म्याद थप्नुपर्ने पनि जनाइएको छ भने भिजिट भिसाबाट बैदेशिक रोजगारीमा जाने सवालमा कडा गर्न भनिएको छ । यसका लागि श्रम गन्तव्य मुलुकबाट मागपत्र प्रमाणीकरण गरी स्विकृति गरिनुपर्ने र वैदेशिक रोजगार कार्यालयबाट पूर्व तथा अन्तिम श्रम स्विकृति प्रदान गरिनुपर्ने भनिएको छ ।

यस्तै, नेपालीहरूका लागि आकर्षक मानिएका युरोपेली मुलुकमा कूटनीतिक नियोग नहुँदा रोजगारको अवसरबाट वञ्चित रहनुपरेको पनि मञ्चद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यसतर्फ समस्या समाधानका लागि सम्बन्धित देशको चेम्बर अफ कमर्स वा परराष्ट्र मन्त्रालयले श्रम स्विकृति दिई प्रमाणित गरेमा स्विकृतिको व्यववस्था दिइनुपर्ने जनाइएको छ ।

म्यानपावर व्यवसायीले हाल लिईरहेको दश हजार सेवा शुल्क अन्तर्राष्ट्रिय प्रचलनअनुरूप अति न्यून भएको र यसतर्फ समाधानका लागि श्रमिकले प्राप्त गर्ने एक महिनाको बराबरको सेवा शुल्क लिन पाउनुपर्ने व्यवस्था गरिनुपर्ने पनि जनाइएको छ । त्यस्तै, संस्था सञ्चालन गर्दा धरौटीबापत राखिएका नगद धरौटी रकम सहुलियतपूर्ण व्यवसायी कर्जाबमोजिम फिर्ता गरिनुपर्ने पनि उल्लेख छ ।

केही म्यानपावर व्यवसायी मिलेर कतार सिन्डिकेट निम्ताउन खोजेको सन्दर्भमा निजहरूमाथि कडाभन्दा कडा कारबाही र स्वस्थ प्रतिस्पर्धाका आधारमा व्यवसाय गर्न पाउने वातावरण मिलाइनुपर्ने विज्ञप्तिमा उल्लेख छ । यस्तै, सातै प्रदेश/पालिकाहरूमा श्रम सूचना र तालिम केन्द्र स्थापना गर्नुपर्ने पनि माग गरिएको पनि विज्ञप्तिमा जनाइएको छ ।

# अध्यादेशले नेकपामा हंगामा

- अध्यादेश खारेज हुनुपर्छः दाहाल
- अध्यादेश ल्याउनु अलोकतान्त्रिकः प्रतिपक्ष



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी .(नेकपा)को विवाद झनै चर्किएको छ । संवैधानिक निकायमा एकलौटी नियुक्ति गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश ल्याएपछि नेकपाभित्रको विवाद झनै उत्कर्षमा पुगेको हो ।

मंगलबार कोरोम नपुगेपछि संवैधानिक बैठक स्थगित भएको थियो । त्यसलगत्तै नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री ओलीले आकस्मिक मन्त्रिपरिषद बैठक बसेको थियो । मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश जारी गरेकी हुन् । उपस्थितमध्ये बहुमत सदस्यले नियुक्तिको सिफारिस गर्न सक्नेगरी ल्याइएको अध्यादेश मंगलबार नै राजपत्रमा प्रकाशित भइसकेको छ ।

प्रधानमन्त्री ओलीले अख्तियारलगायत निकायमा मंगलबार नै नियुक्तिको तयारी गरेका थिए । तर, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत अध्यादेशको विरोध गरेपछि ओली संकटमा परेका छन् । मंगलबार बिहानको बैठकमा भने सभापति देउवा सहभागी थिए ।

प्रधानमन्त्री तथा अध्यक्ष ओलीले सचिवालय बैठक चलिरहेकै बेला आफूखुसी अध्यादेश ल्याएपछि नेकपाभित्रै हंगामा मच्चिएको छ । नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहालले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश तत्काल खारेज हुनुपर्ने बताएका छन् । 'पार्टी स्थायी कमिटी बैठक बसिराखेको अवस्थामा अर्को बाटोबाट राष्ट्रपतिबाट जारी भएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश तत्काल खारेज हुनुपर्छ' अध्यक्ष प्रचण्डको भनाइ उद्धृत गर्दै उनका प्रेस संयोजक विष्णु सापकोटाले भने ।

अध्यक्ष प्रचण्डले सबै राजनीतिक दलले संसद अधिवेशन आह्वान गर्न माग गरिराखेको अवस्थामा अध्यादेश ल्याउनु गलत भएको भन्दै अध्यादेशको विरोध गरेको छन् । 'संसद अधिवेशन आह्वान गर्न विभिन्न दलले माग भइराखेका बेला अध्यादेश ल्याउनु लोकतन्त्रको उपहास हो', अध्यक्ष प्रचण्डको भनाइ उद्धृत गर्दै सापकोटाले भने, 'यो बदनीयतपूर्ण छ त्यसैले तुरुन्त खारेज हुनुपर्छ ।' आइतबारको संवैधानिक परिषद् बैठक प्रमुख प्रतिपक्षी दलको नेता कांग्रेस सभापति शेरबहादुर देउवा उपस्थित नहुँदा बस्न सकेको थिएन । मंगलबार भने प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटा बैठकमा सहभागी नभएपछि बैठक स्थगित भएको थियो ।

संवैधानिक नियुक्तिमा राजनीतिक भागबण्डा नमिल्दा १३ महिनादेखि बस्न नसकेको संवैधानिक परिषद् बैठक बस्ने सहमति भएपनि कोरम नपुग्दा बस्न नसकेपछि आकस्मिक मन्त्रिपरिषद् बैठकले अध्यायादेश जारी गर्न राष्ट्रपतिलाई सिफारिस गरेको हो । राष्ट्रपतिबाट अध्यादेश जारी भएसँगै अब संवैधानिक परिषद् बैठकले बहुमतका आधारमा निर्णय गर्नसक्ने अनुमान गरिएको छ । त्यसलगत्तै कार्यकारी प्रचण्डको यस्तो प्रतिक्रिया आएको हो ।

संवैधानिक परिषद् अध्यक्ष प्रधानमन्त्री हुने संवैधानिक व्यवस्था छ । अन्य पाँच सदस्यमा प्रमुख प्रतिपक्षी दलका नेता, प्रधानन्यायाधीश, राष्ट्रियसभा अध्यक्ष, प्रतिनिधिसभाका सभामुख र उपसभामुख सदस्य हुन्छन् । संवैधानिक परिषद्मा कोरम पुग्नका लागि पाँच जनाको उपस्थिति अनिवार्य हुन्छ । उपसभामुख पद रिक्त भएकाले सभामुख उपस्थित नहुँदा बैठक बस्न नसकेको हो । राष्ट्रपति कार्यालयका प्रवक्ता बद्रिनाथ अधिकारीका अनुसार मंगलबार राष्ट्रपति भण्डारीले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी गरेकी हुन् ।

यसैबीच राष्ट्रपति भण्डारीले संवैधानिक परिषद्सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी गरेसँगै मंगलबार नै पहिलो बैठक बसेको छ । राष्ट्रपतिले अध्यादेश जारी गरेपछिको बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता कांग्रेस सभापति शेरबहादु देउवासमेत सहभागी भएनन् । कांग्रेसले अध्यादेश ल्याउन 'अलोकतान्त्रिक' भनेका छन् । बैठकमा प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा र राष्ट्रियसभाका अध्यक्ष गणेश तिमल्सिना मात्र सहभागी भएको स्रोतले जनाएको छ ।

संवैधानिक परिषद्को पहिलो बैठकले के निर्णय गऱ्यो, त्यो बताइएको छैन । बैठक सक्नेवित्तिकै प्रधानमन्त्री ओली राष्ट्रपति भण्डारीलाई भेट्न शीतलनिवास पुगेका छन् । संवैधानिक परिषद ऐन अध्यादेशमार्फत संशोधन गरी बैठक बोलाइएको हो । तीन जनाले पनि निर्णय गर्न सक्नेगरी अध्यादेश ल्याइएको हो ।

गएको वैशाखमा जारी गरेर फेरि फिर्ता गरिएको अध्यादेश ल्याइएपछि सत्तारुढ नेकपाभित्रै चर्को विरोध भइरहेको छ भने प्रतिपक्षी दलका नेताहरूले पनि आपत्ति जनाएका छन् ।


यसभित्र...

अर्को व्यवस्था अब सम्भव छैनः मुख्यमन्त्री राई
पृष्ठ ३ मा

एकता आवाजलाई राजको सहयोग
पृष्ठ ६ मा







# संवैधानिक मर्यादाप्रति जिम्मेवार छु : सभामुख

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले जननिर्वाचित सर्वोच्च निकाय संघीय संसद्को गरिमालाई माथि उठाउने विषयलाई सदैव जोड दिँदै आएको बताएका छन् ।

सभामुख सापकोटाका प्रेसविज्ञ श्रीधर न्यौपाने मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जनतामा निहित सार्वभौमसत्ताको अभ्यास गर्ने थलो, संघीय संसद् प्रतिनिधिसभाको सभामुखमा निर्विरोध निर्वाचित भएदेखि उहाँले निष्पक्ष र तटस्थरूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्दै आउनुभएको अवगत नै छ ।'

संवैधानिक परिषद्को बैठकका सम्बन्धमा सभामुख सापकोटाको विषयमा जोडेर आएका प्रचारका सन्दर्भमा स्पष्ट पार्न विज्ञप्ति जारी गरिएको बताइएको छ । यही २८ मंसिरमा संघीय संसद् सेवा दिवस २०७७ को पूर्वनिर्धारित कार्यक्रमअन्तर्गत बिहान ८:३० बजे संघीय संसद्, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठक स्वयं सभामुखले आफ्नै अध्यक्षतामा आयोजना गरिएकाले संवैधानिक परिषद्को बैठकमा उपस्थित हुन नसकेको जनाइएको छ । सोसम्बन्धी जानकारी यसअघि नै गराइसकिएको थियो । त्यसदिन बिहान ९ बजे परिषद् बैठकमा उपस्थितिका लागि पत्राचार गरिएको सभामुखको सचिवालयले जनाएको छ ।

मंगलबारको बैठकका सम्बन्धमा सभामुखले बैठकको पूर्वतयारी, गृहकार्य, आपसी परामर्श र आवश्यक समन्वय अभावका सम्बन्धमा प्रधानमन्त्रीज्यूलाई जानकारी गराएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'राज्य सञ्चालनमा दीर्घकालीन एवं दूरगामी महत्व राख्ने निर्णयमा संवैधानिक परिषद्का सदस्यबीच पर्याप्त गृहकार्य र समन्वय हुनुपर्छ भन्ने उहाँको स्पष्ट मान्यता छ ।'

'नेपालको संविधान, संविधानले निर्दिष्ट गरेको विधिको शासन, शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई यहाँनेर स्मरण गर्नु उपयुक्त हुन्छ । राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुख र प्रतिनिधिसभाको विपक्षीदलको नेतासमेत सहभागी रहने संवैधानिक परिषद्को बैठकले लिने निर्णयले दूरगामी महत्व राख्छ भन्ने विषयलाई सम्माननीय सभामुखज्यूले गहिरोसँग आत्मसात् गर्नुभएको छ', विज्ञप्तिमा भनिएको छ,

उनले संसद्लाई जीवन्त र जनमुखी बनाउने सूत्रवाक्यलाई हृदयगम गरी जननिर्वाचित सर्वोच्च निकाय संघीय संसद्को गरिमालाई माथि उठाउने विषयलाई सदैव जोड दिँदै आएको उल्लेख गरेका छन् ।

कोभिड-१९ विरुद्धको खोप

# कुल जनसंख्याको ७२ प्रतिशतलाई खोपः गौतम

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले कोरोनाभाइरस (कोभिड-१९)विरुद्धको खोप नागरिकलाई लगाउने कार्यमा केन्द्रित रहेको जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले विश्वव्यापीरूपमा विभिन्न देशले खोप लगाउने सम्बन्धमा गरेका प्रयासजस्तै नेपाल सरकारले पनि आफ्ना नागरिकलाई खोप लगाउने कार्यमा केन्द्रित रहेको बताए ।

मंगलबार मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले सूचना जारी गरी ७२ प्रतिशत जनसंख्यालाई खोप उपलब्ध गराउने उद्देश्यका साथ 'खोप (भ्याक्सिन) को द्रुत कार्ययोजना' बनाई विभिन्न आठ कार्यक्षेत्र तोकिएको जानकारी दिए । उनका अनुसार खोप सचिवालयको गठन, खोपको प्राविधिक कार्यपत्रलाई पूर्णता दिने, पूर्वाधार एसेसमेन्ट (उपकरण, भण्डारण र आपूर्ति), आवश्यकता आँकलन (सार्वजनिक र निजी), सेवाग्राहीको व्याख्यासहित प्राथमिकीकरण (संस्थाको हकमा विद्युतीय प्रणालीबाट तथा अन्य व्यक्तिको हकमा स्थानीय तहमार्फत गर्ने), जनशक्ति, तालीम र निर्देशिकालगायत कार्य अगाडि बढेका छन् ।

यस्तै खोप कोषको प्रस्ताव आह्वान, सञ्चालन र सार्वजनिक सूचना प्रवाह निर्देशिका बनाई साझेदारसँग संवाद, अनुगमन, नियमन, अनुसन्धान तथा क्लिनिकल व्यवथापन पहिचान गरी कार्यदल गठन गर्ने कार्य भइरहेको छ । सरकारले कोभिड-१९ खोपसम्बन्धी प्राविधिक सुझाव दिन विज्ञ सल्लाहकार समिति गठन गई आवश्यक काम भइरहेको उनले बताए ।

मन्त्रालयले कोभ्याक्स सुविधाको मार्गदर्शनमा आधारित भएर स्रोत परिचालन र लक्षित जनसंख्याको कार्ययोजना सरकारबाट स्वीकृत भई कार्य अगाडि बढेको मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिए । कोभ्याक्समार्फत आउने खोप कूल जनसंख्याको २० प्रतिशतलाई पुग्ने छ । बाँकी ५२ प्रतिशत खोप सरकार-सरकार (जिटुजी), सार्वजनिक खरिदमार्फत ल्याउने तयारी सरकारको रहेको बताइएको छ । बीस प्रतिशत जनसंख्यालाई पुग्ने खोपमध्ये पहिलो चरणमा तीन प्रतिशतलाई ल्याइने भएको छ ।

सरकारले खोप ल्याउन आकस्मिक अवस्थामा औषधि तथा खोप दर्ता व्यवस्थाका लागि औषधि ऐन-२०३५ लाई अध्यादेशमार्फत संशोधन गरेको छ । उनले कोभ्याक्स सुविधामा खोप प्राप्तिका लागि खोपसम्बन्धी कार्य गर्न अन्तर्राष्ट्रिय निकायमा समेत पत्राचार गरिसकेको बताएका छन् । ती निकायलाई कोभिड-१९ खोप प्राविधिक सहयोग र कोभ्याक्स कोल्डचेन उपकरणका लागि पनि अनुरोध गरिएको उनको भनाइ छ ।

उनका अनुसार खोपको भण्डारण र सुरक्षाको लागि आवश्यक क्षमता मूल्याँकनलगायत आवश्यक कार्य पनि सम्पन्न भएको छ । 'आवश्यक चिस्यान भण्डारण विस्तारका लागि प्रस्ताव तयार भइसकेको छ', उनले भने, 'कोभिड-१९ खोपसम्बन्धी प्राविधिक कार्य योजना तयार भई राष्ट्रिय खोप सल्लाहकार समितिमा छलफल भई आवश्यक कार्यसमेत भइरहेका छन् ।'

कोभिड-१९ खोप खरिद गर्न आवश्यक पर्ने रकमको व्यवस्थापन गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पठाइसकेको पनि उनले बताए । मन्त्रालयले खोपको आवश्यक व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकायलाई समेत तयारी अवस्था रहने भनेको छ ।

प्रवक्ता डा गौतमले विश्व स्वास्थ्य संगठन, युनिसेफ र विश्व बैंकसँग कोभिड-१९ खोप सम्बन्धमा समन्वयात्मक रूपमा कार्यसमेत भइरहेको जानकारी दिए । नेपालमा अहिलेसम्म दुई लाख ५० हजार १८० जनामा संक्रमण, दुई लाख ३८ हजार ५६९ निको र एक हजार ७३० जनाको संक्रमणको कारणले ज्यान गुमाइसकेका छन् ।



# योजनाबद्ध विकासमा जोड दिएको छु : मन्त्री श्रेष्ठ

■ प्रभाव संवाददाता

**काठमाडौं–** शहरी विकासमन्त्री कृष्णगोपाल श्रेष्ठले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि योजनाबद्ध विकासलाई जोड दिएको बताएका छन् ।

मन्त्री श्रेष्ठले मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महिना पुगेको अवसरमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले विभिन्न आयोजनामा त्यसको नियमित अनुगमन गरेर काम गर्ने वातावरण मिलाउन लागेको बताए ।

काठमाडौं उपत्यकाका १८ नगरपालिकाको फोहर व्यवस्थापनका लागि निर्माणाधीन बञ्चरेडाँडास्थित ल्याण्डफिल साइट पहिलो सेलको निर्माण अन्तिम चरणमा पुगेको उनले बताए ।

दोस्रो चरणको सेलको निर्माण सँगसँगै अघि बढिरहेको उनको भनाइ छ ।

देशभरका नगरपालिकाको फोहरमैलाको आधुनिक प्रविधि अवलम्बन गरी व्यवस्थापन गर्ने योजना बनाइएको समेत उनले बताए ।

सरकारले गरिबीको रेखामुनि रहेका घरपरिवारलाई सुरक्षित र व्यवस्थित बसोबासको व्यवस्था गर्न सरकारको नीति तथा कार्यक्रममा सुरक्षित नागरिक आवास कार्यक्रम समेटिएको मन्त्री श्रेष्ठले बताए । सो कार्यक्रमअन्तर्गत कूल लक्ष्यको २५ प्रतिशतभन्दा बढी काम भइसकेको उनको दावी छ ।

मन्त्रालयले मोरङको उर्लाबारी नगरपालिकामा रहेको सन्थाल जातिको एकीकृत बस्ती निर्माणको योजना बनाएको छ । ललितपुरको गोदावरीमा तीन हजार क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण अन्तिम चरणमा पुगेको बताउँदै भने, 'नेपाली कांग्रेस र त्यसपछि नेपाल कम्युनिष्ट पार्टीले महाधिवेशन त्यही गर्न सक्नेछन् ।'

मन्त्रालयका सचिव डा. रमेशप्रसाद सिंहले अहिलेसम्म गोदावरी सम्मेलन केन्द्रको निर्माण ७२ प्रतिशत सम्पन्न भएको बताए । त्यसमा सबैभन्दा कठिन कामका रूपमा रहेको ट्रस्ट राख्ने काम भइसकेको उनले बताए । उनले भने, 'सिंहदरबारमा संघीय संसद् भवन र भैंसेपाटीमा मन्त्रीको आवासको काम अघि बढिरहेको छ ।'

# नेपालमा संक्रमित दर घट्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा कोरोना संक्रमित दर घटेको छ । मंगलबार ९३६ जनामा संक्रमण पुष्टि भएको छ । यसअघि दैनिक १५ सय माथि संक्रमित थपिएका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर ७ हजार ११७ जनाको पिसिआर परीक्षण भएकोमा ५८५ पुरुष र ३५१ महिला गरी ९३६ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । मंगलबार थपिएकासँगै हालसम्म देशभर कोरोना संक्रमितको संख्या दुई लाख ५० हजार १८० पुगेको मन्त्रालयले जनाएको छ ।

हालसम्म देशभर ९ हजार ८८१ जना सक्रिय संक्रमित छन् । पछिल्लो २४ घण्टामा एक हजार ९९६ जना संक्रमणमुक्त भएर घर फर्किएका छन् । योसहित कोरोना संक्रमणमुक्त हुनेको संख्या दुई लाख ३८ हजार ५६९ पुगेको छ । कोरोना निको हुनेदर ९५ दशमलव ३ प्रतिशत रहेको मन्त्रालयले जारी गरेको कोरोनासम्बन्धी राष्ट्रिय अद्यावधिक विवरणमा उल्लेख छ ।

नेपालमा हालसम्म १८ लाख ४३ हजार ५८१ जनाको पिसिआर परीक्षण भएको मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकामा पछिल्लो २४ घण्टामा २६४ पुरुष र १७४ महिला गरी ४३८ जना संक्रमित थपिएका छन् ।

यस्तै, मंगलबार कोरोनाका कारण थप १४ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा मृत्यु भएका १४ जनासहित नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एक हजार ७७० पुगेको छ । यस्ते, हाल होमआइसोलेसनमा ६ हजार १०३ जना छन् । त्यस्तै सघन उपचार कक्ष (आइसियु)मा ३२१ र भेन्टिलेटरमा ४८ जना उपचाररत रहेको मन्त्रालयले जनाएको छ ।

# अवरुद्ध सार्क सम्मेलनमा जुट्न आग्रह

**काठमाडौं (प्रसं)–** दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को अवरुद्ध १९औं शिखर सम्मेलन यथाशक्य आयोजना गर्न सदस्य राष्ट्रहरूबीच सहमति जुट्नुपर्नेमा नेपालले जोड दिएको छ ।

मंगलबार सार्क सचिवालयमा आयोजित समितिको अप्रत्यक्ष बैठकमा परराष्ट्र सचिव भरतराज पौड्यालले नेपालको परराष्ट्र नीतिले क्षेत्रीय सम्बन्ध र सहयोग विस्तारका लागि विशेष जोड दिएको बताए । उनले सार्क क्षेत्रका सबैको समृद्धिका लागि व्यापार, वित्त, आर्थिक एकीकरण, सम्पर्क सञ्जाल विस्तार, जनस्तरको सम्बन्ध अभिवृद्धि हासिल गर्न एकजुट हुनुपर्ने विचार व्यक्त गरेका छन् । सार्कका महासचिव इशाला रुवान विराकुनले कोभिड-१९ को महामारीका कारण जनधनको क्षति भएका सदस्य राष्ट्रप्रति समवेदना व्यक्त गर्दै महामारीलगायत क्षेत्रीय स्वास्थ्य समस्या समाधान गर्न सार्कको महत्व अधिक रहेको बताए ।

## आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**
**(सम्पर्क– ९८४९-१९२८७६)**

आज मिति २०७७ साल पुस १ गते बुधबार द्वितिया तिथि मार्गशीर्षशुक्लपक्ष : सुर्योदय ६:३९,सुर्यास्त १७:०६

| | |
|---|---|
| **मेष** | मान्यजनबाट धोका पाउँदा मनमा निराशा छाउनेछ । |
| **वृष** | स्वास्थ्यमा समस्या देखिँदा धन नाश हुन सक्छ । |
| **मिथुन** | धन वस्त्रादि लाभ हुन सक्ने योग रहेको छ |
| **कर्कट** | उद्योग व्यवसायवाट सफलता प्राप्त हुन सक्छ । |
| **सिंह** | अध्ययन अध्यापनमा खासै रुचि रहने देखिँदैन । |
| **कन्या** | शत्रुभयका कारण मन अशान्त हुन सक्छ । |
| **तुला** | आफ्नो शक्ति र साहसले काम बन्नेछ । |
| **वृश्चिक** | अनावश्यक विवाद पर्नाले मन खिन्न हुनेछ । |
| **धनु** | मान सम्मान पाउँदा मन हर्षित हुनेछ । |
| **मकर** | अतिथि आगमनका कारण चिन्ताले सताउन सक्छ। |
| **कुम्भ** | साथीभाइको सहयोगले काममा सफलता प्राप्त होला। |
| **मीन** | शरीरमा स्फूर्ति बढनेछ, कममा सफलता प्राप्त होला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १ गते, २०७७, १६ डिसेम्बर २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**प्रदेशसभा सदस्यहरू** | गण्डकी प्रदेशसभाको विशेष अधिवेशन बोलाउन मंगलबार प्रदेशप्रमुखको कार्यालयमा पुगेका प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र जनता समाजवादी पार्टीका प्रदेशसभा सदस्यहरू । तस्बिरः कृष्ण दवाडी

# अर्को व्यवस्था अब सम्भव छैनः मुख्यमन्त्री राई

■ प्रभाव संवाददाता

मोरङ-प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले नेपाली जनतामा संघीयता स्थापित भइसकेकाले अर्को व्यवस्था अब सम्भव नभएको बताएका छन् ।

विराटनगर महानगरपालिका-१४ मा निमार्ण हुन लागेको प्रदेश जनस्वाथ्य प्रयोगशालाको शिलान्यास कार्यक्रममा उनले यस्तो बताएका हुन् । उनले नेपाली जनताको त्याग, बलिदानबाट प्राप्त संघीयतालाई कसैले समाप्त पार्न नसक्ने बताए । उनले लोकतन्त्र र संघीयतामा नागरिकले विकास निर्माणको अनुभूति गर्न पाएकोले पनि यसको निरन्तरता आवश्यक भएको बताए ।

मुख्यमन्त्री राईले प्रदेश प्रयोगशाला सञ्चालनमा आएपछि सबै प्रकारको सेवा सर्वसाधारणले यहाँबाट पाउने उल्लेख गर्दै प्रदेशमा निर्माण हुने अत्याधुनिक प्रयोशालालगायत भौतिक संरचनाले संघीयता कार्यान्वयमा बल पुगेको बताए ।

मुख्यमन्त्री राईले संघीयताका कारण सिंहदरबारको अधिकार जनताले आफ्नो घरआँगनमा अनुभूति गर्न पाएका छन् भन्दै विगत तीन वर्षको अवधिमा




संघीय, प्रदेश र स्थानीय सरकारले विकास निर्माणमा जनसहभागितालाई जोडेको बताए । उनले केही मानिस सडकमा आएर संघीयताको विरोध गर्दै अर्को विकल्प चाहियो भन्छन् तर आफू सत्तामा हुँदा वा आफ्नो पालाको सरकारले देश र जनताका लागि के काम गरे भन्ने कुरामा आत्मचिन्तन गर्नुपर्नेमा जोड दिँदै गणतन्त्रको विकल्प राजतन्त्र कदापि हुन नसक्ने बताए । सामाजिक विकासमन्त्री जीवन घिमिरेले प्रयोगशाला स्थापनाले आवश्यक परीक्षणका लागि यहाँका सर्वसाधारण नागरिक अब काठमाडौं तथा भारत जानुपर्ने बाध्यताबाट मुक्त हुने बताए ।

उनले प्रदेश सरकारले विकास निमार्णमा ठूलो उपलब्धि हासिल गरेको भन्दै आगामी आठ महिनाभित्र प्रयोगशाला सञ्चालनमा आउने बताए ।

सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा आठ कट्ठा १२ धुर जग्गामा निर्माण हुन लागेको चार तल्ले प्रयोगशाला भवनमा २५ वटा कोठा रहने छन् । आठ करोडको लागतमा निर्माण हुन लागेको सो भवनको पहिलो तल्लामा नसर्ने रोगको प्रयोगशाला, दोस्रो तल्लामा सर्ने रोग र तेस्रो तल्लामा पिसिआर परीक्षण प्रयोगशाला सञ्चालनमा आउने बताइएको छ ।

# राजसंस्था पुनर्बहालीका लागि ऐक्यवद्धता अभियान

■ प्रभाव संवाददाता

काठमाडौं-नेपाल नागरिक अभियानले सनातन हिन्दु राष्ट्रसहित राजसंस्था पुर्नबहालीका लागि बुधबार बसन्तपुरमा ऐक्यवद्धता सभाको आयोजना गर्ने भएको छ ।

मंगलबार पत्रकार सम्मेलन गरी अभियानले बसन्तपुरको हनुमानढोका राज प्रसाद पटाङ्गिनिमा कार्यक्रम गर्ने जानकारी दिँदै उपस्थित भएर ऐक्यवद्धता जनाउन उपत्यकावासीलाई अपिल गरेको हो ।

नागरिक अभियानका राष्ट्रिय संयोजक पूर्व एआइजी डा. ठाकुरमोहन श्रेष्ठले हिन्दुराष्ट्रसहितको राजसंस्था जतिसक्दो छिटो पुर्नबहाली गरी देशलाई संकटबाट जोगाउनुपर्ने भन्दै उपत्यकावासीलाई अभियानमा सहभागी भइदिन अपिल गरेका छन् । उनले भने, 'देशलाई जोगाउन जतिसक्दो छिटो संघियता खारेज गरेर सनातन हिन्दुराष्ट्र सहित राजसंस्था पुर्नबहाली गर्नु पर्छ ।' उनले २०७७ पुष १ गते बुधबार महेन्द्र जयन्तीको दिनमा महेन्द्र शालिकमा माल्यार्पण कार्यक्रम गर्ने र हनुमान ढोका राज प्रसाद पटाङ्गिनिमा भेला हुने जानकारी दिए । श्रेष्ठले देश भ्रष्टाचारमा चुर्लुम्ब डुबेकोले यो राजनीतिक प्रणालीबाट जनताले दुःख पाएको तर्क गरे । जनतालाई पीडाबाट मुक्त गर्न राजनीतिक प्रणालीमै परिवर्तन ल्याउनुपर्ने बताए ।

अभियानका महासचिव डा. हरिहर प्रदीप घिमिरेले देशमा हिन्दु राष्ट्र र राजसंस्था पुर्नबहाली निश्चित भएको बताए । उनले राष्ट्रवादी शक्ति सबै एक ठाउँमा उभिएर अभियानलाई सफल बनाउनुपर्ने बताए ।

नेपाल नागरिक अभियानका केन्द्रीय अभियन्ता हेम रत्न शाक्यले जनताले गणतन्त्रबाट निकै प्रताडना भोग्नुपरेको बताए । उनले अब




हिन्दुराष्ट्रसहितको राजसंस्था अनिवार्य भएको बताए ।

पुर्न उत्थानवादि शक्ति अध्यक्ष शेखरजङ्ग रायमाझीले मुलुक अहिले संकटमा रहेको भन्दै गणतन्त्रको तत्काल अन्त अनिवार्य भएको बताए । देशमा बेरोजगारी बढेको र अनियमितताले हद नाघेको भन्दै सबै एक भएर हिन्दुराष्ट्र र राजसंस्था पुर्नबहालीमा एकजुट हुनुपर्नेमा जोड दिए । उनले भने, 'मुलुकको रक्षाको लागि एक भएर अगाडि बढ्न राष्ट्रिय एकता बनाउन जरुरी छ । लोकतान्त्रिक गणतन्त्र भन्नेहरू सत्तामा छन् र गणतन्त्र र लोकतन्त्रको धज्जी उडाईरहेका छन् ।'

शिवसेनाका सह-अध्यक्ष दिनेश कँडेलले नागरिकको मुक्तिको लागि हिन्दुराष्ट्र र राजसंस्थाको लागि ऐक्यवद्धता अभियान चलाएको बताए । गणतन्त्र र लोकतन्त्र भन्नेहरू अहिले लाचार भएर डगमगाइरहेको बताए । उनले पहिलो चरणको आन्दोलनले हल्लाएको गणतन्त्रलाई दोस्रो चरणको आन्दोलनले ढालिदिने बताए । दोस्रो चरणको आन्दोलनको लागि छलफलमा रहेको पनि जानकारी दिए ।

स्वतन्त्र नागरिक समाजका अध्यक्ष हेम बिक्रम सिलवालले सबै नागरिक एकजुट हुने बेला आएको बताए । 'नेपालको वास्तविक कम्युनिस्ट भनेको नै राजा हुन्' सिलवालले भने, 'देशलाई सनातन हिन्दु राष्ट्र र राजा सहिको प्रजातन्त्र पुर्नबाहाली गर्न अहिलेको आवश्यकता हो ।'

उपत्यकाका युवा जनशक्तिका संयोजक मनिष मानवले अब युवा एकजुट हुन जरुरी रहेको बताउदै कोरोनाको नाममा लुटतन्त्र भएको जिकिर गरे । जातिय आधारमा झगडा गराउन खोजेको आरोप समेत लगाए । राजसंस्था पुर्नस्थापनका लागि भक्तपुर, ललितपुर र काठमाडौका नेवारहरू अब जाग्न जरुरी छ उनले भने । यसैगरी, अभियानले नेपालको पहिचान सनातन हिन्दु राष्ट्र कायम गरी सबै धर्मावलम्बीहरूलाई आ-आफ्नो धर्म परिर्वतनलाई निषेध गर्न गराउन, संवैधानिक राजसंस्था सहितको प्रजातन्त्र पुर्नस्थापना गराउन, चरम भ्रष्टाचार, अनुत्तरदायीपन तथा भुमाफिया प्रवत्तिलाई निषेध गरी अवैध सम्पत्ति कब्जा गरी राज्यकोषमा जम्मा गराई निशुल्क स्वास्थ्य र शिक्षामा उपयोग गर्न, राज्य व्यवस्थामा राजनिति, न्यायपालिका र प्रशासनलाई अलग रूपमा परिभाषित गर्ने , स्वतन्त्र र निष्पक्ष न्याय प्रणली कायम गराउन र छिमेकी राष्ट्रहरूसँग असलग्न परराष्ट्र नीतिका आधारमा छिमेकी देशहरूको सुरक्षामा खलल हुने गरी कुनै पनि गतिविधि हुन नदिने र नेपालको रक्षा सुरक्षामा कतैबाट हस्तक्षेप हुन नदिन माग राखेको छ ।

## चेक अनादर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं(प्रस)**–चेक अनादर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-११ बबरमहल बस्ने ४८ वर्षीय अनिल पोद्दारलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

आफ्नो खातामा प्रयाप्त निक्षेप छैन भन्ने जानी-जानी काठमाडौं महानगरपालिका-१० बुद्दनगर बस्ने नानीबाबु खरेललाई काटी दिएको १ करोड ६३ लाख रूपैयाँको बैंक चेक भुक्तानी हुन नसकेकोले चेक अनादार कसूर रगेको ठहर गरी जिल्ला अदालत काठमाडौंको २०७३ भदौ १५ गतेको फैसलाले चेक अनादर मुद्दामा १ महिना कैद र १ करोड ६३ लाख बिगो भराउ तथा ३ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका पोद्दारलाई काठमाडौं कलंकीमा लुकिछिपी बसेको अवस्थामा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको उक्त व्यूरोले जनाएको छ ।

**श्री नं.१६ बाहिनी अड्डा, छाउनीको ब्यारेक घरको बिभिन्न संरचना मर्मत संभार कार्यको eGP बाट गरिने दरभाउपत्र आह्वानको सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७७/०९/०१ गते )

आ.ब.०७७/७८ मा यस बाहिनी अड्डामा भएका ब्यारेक घरको विभिन्न संरचना मर्मत संभार कार्य गर्नुपर्ने भएकाले इच्छुक रजिष्टर्ड आपूर्तिकर्ताहरूबाट मिति २०७७/०९/१६ गतेको १३:०० बजे खोलुवा हुने गरी विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, ०७४ को दफा ३५ को उपदफा (२) बमोजिम सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र सम्बन्धि नियमहरू सार्वजनिक खरिद ऐन, ०६३ र सार्वजनिक खरिद नियमावली, ०६४ तथा प्रचलित ऐन कानुन अनुसार हुनेछ । साथै विस्तृत जानकारीका लागि यस गण कार्यालयको फोन नं.०१-४२७१३७३ र ९८५५०३४४५४ मा सम्पर्क गर्न हुनसमेत सूचित गरिन्छ ।

१. लागत अनुमान मु.अ.करसहित रु.६,००,०००।०० बैंक जमानत रु.१८,०००।००
२. दरभाउपत्र दस्तुर रु.१०००।०० (एकहजार) ने.बै.लि.,भूगोलपार्कमा राजस्व खाता नं.१४२२९, खाता नं.००१०१००००००००१००१००१ को कार्यालय कोड नं.३४५०१३५६० मा जम्मा गर्नु पर्नेछ ।

**नं.१६ बाहिनी अड्डा, छाउनी ब्यारेक ।**

**जीतपुरसिमरा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जीतपुर, बारा
प्रदेश नं २, नेपाल

**शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७७/०९/०१ गते**

यस जीतपुरसिमरा उपमहानगरपालिकाले घटना दर्ता किताब डिजिटाइजेशन सम्वन्धी सेवा खरिद गर्न मिति २०७७/०७/२७ गते राष्ट्रिय दैनिक प्रभात दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरुको मूल्याङ्कन हुदाँ **श्री मकवानपुर ईन्स्टिच्यूट अफ टेक्नोलोजिज, हेटौंडा** सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृत दरभाउपत्रको (७) सात दिनको आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्पूर्ण व्यवसायी/फर्मलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सुरुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मधुपट्टी, सप्तरी
प्रदेश नं. २ नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७७/०९/०१ गते**

यस नगरपालिका क्षेत्राधिकारभित्र रहेको बलान ,चहका र शिशुवारी खोलाको बगर क्षेत्रबाट उत्खनन् तथा संकलन हुने ढुंगा, गिट्टी, बालुवाको बिक्री कर सम्बन्धी मिति २०७६/०७/२५ गतेका दिन ठेक्का बन्दोवस्तीका लागि सूचना प्रकाशित भएअनुसार उक्त सूचनाको म्यादभित्र पेस भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्रमा उल्लेखित कवोल रकम सबैभन्दा बढी भएको र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतका लागि छनोट गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | बोलपत्र दाताको नाम र ठेगना | स्वीकृत हुने बोलपत्र रकम मु.अु.कर बाहेक | अक्षरेरूपी रु | कैफियत |
|---|---|---|---|---|
| १ | संजय कुमार यादव, राजविराज-१२, सप्तरी | ९३,३५,००१।- | त्रिनब्बे लाख पैतिस हजार एक रूपैयाँ मात्र । | |

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **PETROSERV IIMITED**

पुर्व स्वीकृति मिति २०७६/१०/०६ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/३० LT. No. 230964 चलानी नं. ६०१५०२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 42 | 0 | 900 | २९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः पौष ८ गते (23th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Asia Link Services Pvt. Ltd.**
ASIA LINK Services Pvt. Ltd.
श्रम ईजाजत नं ११९/०५५/०५६
Manpower Bazar Airport, Kathmandu
P.O.Box : 21574, Tel: +977-1-4112801, 4112802 Email: info@asialinkservices.com.np
Web: www.asialinkservices.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **JAMRAH AUTOMATIC BAKERS.**

पूर्व स्वीकृति मिति २०७६/११/०७ पून : विज्ञापन स्वीकृति मिति २०७७/०८/३० LT. No. 233263 चलानी नं. ६०१५२००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTRY AND PIES MAKER | 2 | 0 | 1200 | ३७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः पौष ८ गते (23th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

**नाम परिवर्तन सम्बन्धी सूचना**

साविक बेकन प्रिमियर ईन्टरनेशनल एजुकेशन (प्रा. लि.दर्ता नं. ७१९७८) कम्पनीको नामबाट सृजना भएको एवं साविक नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी उक्त कम्पनीको मिति २०७७/०८/१२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम परिवर्तित नाम **"बिकन एजुकेशन एण्ड भिसा सर्भिसेस प्रा. लि."** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बक्यौता नतिर्नेलाई कारबाही गर

किसानबाट कच्चा पदार्थ लिएर सो को मूल्य नतिर्ने उद्योगीहरूलाई हदैसम्म कारबाही गर्नुपर्ने बेला भएको छ । वर्षौंदेखि किसानलाई उनीहरूको उत्पादनको मूल्य नदिएर शक्ति केन्द्र धाउने र शक्ति केन्द्रले पनि किसानहरूको पीडा नबुझ्ने संस्कार बसिसकेको छ । यस्तो बेला किसानले सरकारलाई गुहार्नुलाई स्वाभाविक मान्नुपर्छ । वर्षौंदेखि किसानको मूल्य नदिने उद्योगीहरूलाई सरकारले कारबाही गर्नुको सट्टा उनीहरूको संरक्षण दिइरहेको देखिन्छ । सरकारको यो निर्लज्ज कदमभन्दा अरु केही होइन । किसानहरूले पैसा माग्नेबित्तिकै उद्योगीको पक्षमा उभिएर तालुकदार मन्त्रीले किसानलाई बिचौलिया भन्नु लाजमर्दो कुरा हो । यो त सरकारको सबैभन्दा ठूलो गल्ती हुने छ । किसानको पक्षमा उभिनुपर्ने सरकारले नै किसानलाई बिचौलिया भन्नु कहाँसम्मको नैतिकता ?

उद्योगीको पक्षमा बोल्यो भने केही न केही मिल्ने देखिएकाले मन्त्रीहरूले यस्तो काम गरिरहेका छन् । अहिलेका मन्त्रीहरूले यत्ति गलत काम गरिरहेका छन् कि उनीहरूले अब कहिल्यै राजनीति गर्ने छैनन् । यत्ति मात्र होइन, यहि पटक नै हो, भोलि मन्त्री हुन पाइन्छ कि पाइँदैन भनेर मन्त्रीहरूले जनतालाई वास्ता गरेका छैनन् । किसानको उखु पेलेर बेच्ने अनि किसानलाई उनीहरूको मूल्य नदिने कामलाई सरकारले कुनै हालतमा साथ दिनु हुँदैन । किसानको मूल्य नदिने चिनी उद्योगी पक्राउ गरेर कानुनी कारबाही मात्र होइन, उनीहरूबाट किसानको बक्यौता रकमलाई सरकारी बाँकीसरह मानी असुल गर्नुपर्छ । किसानले ऋण काढीकाढी खेती लगाएका हुन् । नेपाली कारखानाको चिनीले बजार पाओस् भनेर सरकारले चिनी आयात गर्न दिएको छैन । भारतभन्दा नेपाली चिनी महँगो बनाइएको छ । चिनी उद्योगीहरूको पक्षमा सरकारले काम गर्दा पनि उद्योगीहरूले किसानको मूल्य नदिनु सरासर गलत हो ।

यसअघि पनि एकै महिनामा उखु किसानको बक्यौता चुक्ता गर्ने चिनी उद्योगीहरूलाई सरकारले वास्ता गरेको छैन । किसानहरूको उखुको मूल्य नदिएर नाफा कमाउने अनि किसानहरूलाई बक्यौता तिर्नु नपरोस् भनेर सरकारका सदस्यहरूसँग साँठगाँठ बढाउने चिनी उद्योगीहरू बद्मास नै हुन् । यत्ति मात्र होइन, उद्योगीहरूले किसानहरूलाई वास्तविक किसान नभएर बिचौलिया भएको भन्दै बिचौलियाको बिल्ला भिराउने उद्योगीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ । उखु किसानको रकम भुक्तानी नदिने चिनी मिल सञ्चालकलाई पक्राउ गरेर अघि बढ्नुपर्छ । उखु किसानको भुक्तानी नदिने मिल सञ्चालकलाई पक्राउ गर्ने मात्र होइन, अब उधारोमा सहमति नगर्न पनि सरकारले प्रमुख भूमिका निभाउनुपर्छ । जे जसरी भए पनि सरकारले उखु किसानको समस्या हल गर्नैपर्छ । आफ्नो उखुको मूल्य नपाएपछि तराईबाट आन्दोलनका लागि काठमाडौं आएका किसानहरूले न्याय पाउनैपर्छ । अहिले उद्योगीहरूको उक्साहटमा तालुकदामन्त्रीले नै किसानलाई बिचौलियाको बिल्ला भिराएका छन् । यसबारे मन्त्रीसँग राज्यले स्पष्टीकरण दिनुपर्छ र मन्त्रीले किसानसँग माफी माग्नुपर्छ ।

# दाहालको शक्तिशाली इतिहास र चुनौतिपूर्ण वर्तमान



▶▶ रजमान तामाङ

अढाइदशक लामो मुलुकको राजनीतिलाई आफ्नो वरिपरि घुमाइरहेका माओवादी जनयुद्ध कालका सर्वोच्च कमान्डर पुष्पकमल दाहालबारे थुप्रा आलेख छापिएका छन् । बहसका अनेकन पाटा पस्किएका छन् । उनका बारे देशभित्र मात्रै होइन देश बाहिर पनि बृहत्तर चर्चा भएको छ । एक युगको नायक हुनुको कारण उनको चर्चा हुनु स्वाभाविक नै हो । अहिले पनि उनी नेपाली राजनीतिको शक्तिशाली शक्ति केन्द्रकै रूपमा छन् र त उनको चर्चा भइरहेको छ । तर इतिहासमा उनी जति शक्तिशाली थिए वर्तमानमा निरीहझैँ देखिन थालेका छन् । त्यसकारण उनकाबारे पछिल्लो समय विचार निर्माताहरूले दाहालका उत्थान र पतनका कथा पस्किन थालेका छन् । दाहाललाई दानवीकरण र जनयुद्धलाई अपराधीकरण गर्नेहरू उत्साहित भएका छन् । यो पेरिफेरीमा मुलुकको राजनीतिमा जेजस्ता परिदृश्य देखापरेका छन् एकपटक फेरि दाहाल चर्चाको केन्द्रमा छन् । प्रतिगामी हर्कत र पश्चगामी शक्तिले टाउको उठाउन खोजेको सेरोफेरोमा दाहालका बारेमा उनको विगत र वर्तमानबारे चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

मुलुकमा निरंकुश पञ्चायतको अन्त्य गर्न भएको पहिलो जनआन्दोलनको समयमा सानो समूहको नेता थिए दाहाल । उनको समूह त्यो जनआन्दोलनमा स्वतन्त्र रूपमा सामेल थियो । वाम-कांग्रेस गठबन्धनको संयुक्त जनआन्दोलनमा सहभागिता जनाएन दाहालको समूहले । राजा, कांग्रेस र वाममोर्चाबीच भएको सम्झौतालाई उसले धोकापूर्ण भन्यो र त्रिपक्षीय सम्झौताको दस्तावेजको रूपमा आएको ०४७ सालको संविधानलाई दाहालको नेतृत्त्वमा रहेको पार्टी नेकपा मसाललगायत साना वामपन्थी पार्टीहरूले अस्विकार गऱ्यो । त्यो विन्दुबाट सुरु भएको थियो मुलुकमा कम्युनिस्ट पार्टीबीच ध्रुवीकरणको प्रक्रिया । झापा विद्रोहको विरासतबाट आएका माले समूह र मनमोहन-साहना नेतृत्वको मार्क्सवादी समूहबीच एकता प्रक्रिया अगाडि बढेर नेकपा एमाले निर्माण भयो । जसले संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थालाई अंगीकार गऱ्यो । २७ बुँदे आलोचनात्मक समर्थन गरेको माले महासचिव मदनकुमार भण्डारीको (पछि नेकपा एमाले महासचिव) ३ जेठ ०५० का दिन दासढुंगामा कथित जिप दुर्घटनामा मारिए ।

यता ०४७ सालको संवैधानिक व्यवस्था अस्विकार गर्ने दाहाल नेतृत्त्वको मसाल, बाबुराम भट्टराई (शीतलकुमार नेतृत्त्वको विद्रोही मसाल, सर्वाहारा श्रमिक संगठन र नेकपा चौमबीच एकता भई नेकपा (एकता केन्द्र) निर्माण भयो । त्यसको बहुमत पक्षले देशको तत्कालीन अवस्थालाई अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको निष्कर्षका साथ दीर्घकालीन जनयुद्धको कार्यदिशा अघि साऱ्यो । त्यो कार्यदिशा दाहालकै नेतृत्त्वमा सम्भव भएको थियो । ०४८ सालमा भएको संसदीय निर्वाचनमा वैधानिक मोर्चा संयुक्त जनमोर्चाको नाममा भाग लिएर संसदको तेस्रो शक्तिको हैसियत प्राप्त गरेको थियो । तर त्यो संसदमा भाग लिने कुरा कार्यनीतिक ट्याक्टिस मात्रै थियो ।

०५१ तिर आइपुग्दा नेकपा (एकताकेन्द्र) भित्र दीर्घकालीन जनयुद्ध अघि बढाउन चाहने र नचाहनेबीच मतभेद भएपछि दाहालसहित बहुमत समूहले अल्पमत समूह जो जनयुद्धको कार्यदिशा अस्विकार गर्थ्यो त्यसलाई कारबाही गऱ्यो । दाहालकै नेतृत्त्व नेकपा (माओवादी) पार्टी निर्माण भयो । यसले अढाइदशक देशको राजनीतिलाई हलचल पैदा गराउने जनयुद्धको पहल र नेतृत्त्व गऱ्यो । त्यो ऐतिहासिक कार्यभार पूरा गर्ने जनयुद्धको नेतृत्त्व दाहालकै थियो । दसवर्षे जनयुद्धले विश्व राजनीतिमा समेत हलचल पैदा गरायो । त्यो नेपाल राष्ट्रको इतिहासमा सुगौली सन्धि यताको सबैभन्दा ठूलो महान् परिघटना थियो भने विश्व कम्युनिस्ट आन्दोलनमा माओको निधनपछिको युगान्तकारी परिघटनाको थियो ।

जनयुद्धको पहल गर्ने समय विश्व कम्युनिस्ट आन्दोलन इतिहासकै सबैभन्दा हतोत्साहित भएको समय थियो । सोभियत संघको विघटन भएर पुँजीवादको दिग्विजय घोषणा भएको समय थियो त्यो । फ्रान्सिस फुकुयामाजस्ता पश्चिमी राजनीतिशास्त्रीले इतिहासको अन्त्य लेखेर मार्क्सवादको पतन भएको, विश्वव्यापी रूपमा कम्युनिस्ट आन्दोलन समाप्त भएको दलिल पेस गरिरहेका थिए । इतिहासको अन्त्यको भूतले सारा विश्वमा आतंक मच्चाइरहेको थियो । पूर्वी युरोपेली कम्युनिज्मको पतन गोन्जालोको गिरफ्तारीपछि पेरुको जनयुद्धले खाएको धक्काले कम्युनिस्ट आन्दोलनको जीवनमा त्यो आँधीबेहरीको युग थियो भन्दा फरक पर्दैन । यद्यपि त्यो आज पनि जारी छ । कम्युनिस्ट पार्टीको नाम नै बदलेर भागदौड मच्चिएको बेला दाहाल, बाबुराम, मोहन वैद्य र बादलको नेतृत्त्वमा सानो हिमालय देशमा जनयुद्धको प्रारम्भ भएको थियो । त्यो समयमा नेपालजस्तो भूपरिवेष्ठित मुलुकमा कम्युनिस्ट पार्टीको नेतृत्त्वमा सशस्त्र क्रान्ति गर्ने प्रश्न आफैँमा मूर्खताको पराकाष्ठा हुन सक्थ्यो । तर, त्यो ऐतिहासिक कडीलाई निरन्तरता दिने साहस गरे त्यतिबेला दाहालले ।

देशभित्र भने भर्खरै जनआन्दोलन सफल भएको थियो । तीसवर्षे पञ्चायतको उकुसमुकुसबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि जनताले तीव्र आर्थिक सामाजिक परिवर्तनको अपेक्षा राखेका थिए । तर, त्यतिबेला विश्वव्यापी रूपमा पुँजीवादले नवउदारवादको खोल ओढेर उदाएको थियो । कांग्रेस सरकारले बेरोकतोक बजारलाई अर्थतन्त्रको अवयव छाड्ने नवउदारवादी कार्यक्रम अघि सारेको थियो । त्यसले विश्वव्यापी सबै रेकर्ड तोडेर धनी र गरिबबीचको खाडल पारेको थियो । गिरिजाप्रसाद कोइराला नेतृत्त्वको सरकारको पालामा सुरु भएको अर्थराजनीतिक कार्यक्रमले देशलाई डरलाग्दो संकटतर्फ धकेलिरहेको थियो भने नेकपा एमालेको लोकप्रियता शान्तिपूर्ण कम्युनिस्ट आन्दोलन पनि शिखरमा थियो ।

यस्तो बेला एउटा सानो टुकुडी लिएर प्रतिकूल राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिका बीच जनयुद्धको आरम्भ गरे दाहाल र उनको टिमले । अढाइ सय वर्ष यता कायम रहेको शाह वंशीय राजतन्त्र र त्यसले खडा गरेको केन्द्रिकृत राज्य, एक भाषा एक धर्म र राज्यको स्रोतसाधनमा सम्भ्रान्त वर्ग र जातीय वर्चस्व खतम गरेर आमश्रमजीवी किसान, मजदुरको राज्य स्थापना गर्ने यो युद्धको घोषित लक्ष्य थियो । यो असाधरण रूपान्तरणकारी एजेन्डाका साथ सुरु भएको जनयुद्धले छोटो समयमै चमत्कारिक विजय हासिल गर्दै अघि बढ्यो । बाहुजातीय, बहुभाषिक, बहुधार्मिक मुलुकमा राज्यको अग्रगामी पुनर्संरचनाको मुद्दा नेपाली इतिहासकै असाधरण परिवर्तनकारी एजेन्डा थियो । यही एजेन्डाका कारण जनयुद्ध देशको आमश्रमजीवी नागरिकको जीवन प्रक्रिया बन्न पुग्यो भने यही मुद्दाका कारण दाहाल शक्तिशाली नेता बने ।

जनयुद्धको दर्भियानकै बीच दरबार हत्याकाण्डमार्फत शाह वंशको परम्परागत बिरासत टुट्न पुग्यो । त्यसपछि उदय भएको नक्कली राजतन्त्रप्रति जनताको विश्वास रहेन । अन्ततः राजतन्त्रविरुद्ध उत्पन्न जनताको आक्रोशलाई सम्बोधन गर्न पनि माओवादी आन्दोलन सफल भयो । राजतन्त्रविरुद्ध संसदवादीहरूसँग सहकार्य गर्ने बाबुराम भट्टराईको प्रस्तावलाई सुरुमा अस्विकार गरे पनि अन्ततः दाहाल संसदवादी शक्तिसँग राजतन्त्रविरुद्ध सहकार्य गर्न तयार भए । यसले दाहाललाई असाधरण निर्णय क्षमता भएको पुष्टि गऱ्यो । दाहालको नेतृत्त्वमा गिरिजाप्रसाद कोइरालाजस्ता कम्युनिस्ट विरोधी लोकतान्त्रिक नेतासँग सशस्त्र संघर्षमा रहेको कम्युनिस्ट पार्टीसँग संयुक्त आन्दोलन विश्वको दुर्लभ राजनीतिक प्रयोग भयो नेपालमा । बाह्रबुँदे समझदारीमार्फत निरंकुश राजतन्त्रविरुद्ध संयुक्त जनआन्दोलन र पहिलो संविधान सभाको निर्वाचनपछि नेपालमा अढाई सय वर्ष लामो शाह वंशीय राजतन्त्रको अन्त्य गऱ्यो । यो विश्व इतिहासमा एक्काइसौँ शताब्दीकै मौलिक क्रान्ति थियो ।

यही मौलिक क्रान्तिका नेता थिए दाहाल । तर दुर्भाग्यको कुरा पहिलो संविधानसभा नै यस्तो कडी बन्न पुग्यो त्यो शक्तिशाली इतिहास बोकेको दाहाललाई कमजोर बनाउने कडी पनि त्यही बिन्दुबाट सुरु भयो । माओवादी पहिलो शक्तिको रूपमा उदाएपछि देशभित्रका प्रतिक्रान्तिकारी शक्ति मजबुत ढंगले संगठित हुनु स्वाभाविक थियो । प्रतिक्रान्तिकारी शक्तिले नेपालमा मौलिक ढंगले आफूलाई प्रस्तुत गऱ्यो पहिलो संविधान सभापछि । संसदवादी शक्तिभित्र रहेको आफ्नो वर्गीय मित्रहरूलाई परिवर्तनकारी एजेन्डाविरुद्ध दृढताका साथ उभ्याउन सबै शक्ति प्रयोग गरे । संसदवादी शक्तिभित्र रहेका उग्र दक्षिणपन्थी प्रवृत्तिलाई प्रतिक्रान्तिकारी शक्तिले भरमजबुत प्रयोग गर्न सफल भयो । केपी ओलीजस्ता घोर दक्षिणपन्थीहरूलाई आफ्नो नायकका रूपमा उभ्याए उनीहरूले । आज त्यो प्रवृत्तिले नै परिवर्तनका एजेन्डा उल्ट्याउन अनेकन अभ्यास गरिरहेका छन् सत्ताको केन्द्रमा बसेर ।

प्रधानमन्त्री अध्यक्ष रहने परिषदमा प्रधानन्यायाधीश, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र विपक्षी दलका नेता सदस्य रहने संवैधानिक प्रावधान छ । बैठकले बैधता पाउनका लागि अध्यक्षबाहेक ४ जनाको उपस्थिति अनिवार्य मानिन्छ । परिषद्मा एकजना सदस्य उपसभामुख पद रिक्त रहेको पनि नेता थापाले पत्रकार सम्मेलनमा बताएका छन् ।

# चिसोसँगै क्षयरोगीको संख्यामा वृद्धि

**विराटनगर**–नेपालमा क्षयरोग (टिबी)बाट प्रत्येक वर्ष पाँचदेखि सात हजार मानिसको मृत्यु हुने गरेको छ ।

नेपाल क्षयरोग निवारण संस्था विराटनगर शाखाका कार्यक्रम संयोजक घनश्याम कोइरालाले जनचेतनाको अभावका कारण र औषधि नियमित सेवन नगर्नाले बर्सेनि सो संख्यामा मानिसको मृत्यु हुने गरेको जानकारी दिए । अहिले चिसो बढेसँगै क्षयरोगीको संख्या बढ्न थालेको कोइरालाले जानकारी गराए ।

समयमा उपचार नगराउने, खानपानमा ध्यान नदिने, मानिसमा चेतनाको कमी हुनु र पूरा समय औषधि सेवन नगर्नाले मृत्यु दर र रोगीको संख्यामा वृद्धि भइरहेको हो । मोरङ जिल्लामा आर्थिक वर्ष २०७५/७६ मा एक हजार १५० र आव २०७६/७७ को चैत मसान्तसम्ममा ७४१ रोगी शाखामा उपचारका लागि आएका संयोजक कोइरालाले बताए ।

क्षयरोग सुन्ने बित्तिकै बिरामी शुरुमा आत्तिने र डराउने गरेको, आफूहरूलाई सम्झाउन निकै गाह्रो पर्ने गरेको र धेरै मानिसमा क्षयरोगबारे ज्ञान नभएकाले यस्तो समस्या आउने गरेको संयोजक कोइरालाले बताए ।

क्षयरोग आँखाले देख्न नसकिने सूक्ष्म कीटाणुबाट हुने एक प्रकारको सरुवा रोग हो । एक क्षयरोगीले उपचार नगराउँदा एक वर्षमा १० देखि १५ जनासम्मलाई सो रोग सर्ने सम्भावना हुन्छ । नियमित क्षयरोगीका बिरामीले उपचार र औषधि सेवन गरेमा यो रोग ९१ प्रतिशत निको हुने संयोजक कोइरालाको भनाइ छ । उनले यो रोगबाट भयभित हुन नहुने तर्क गर्दै उपचारमा आएमा निको हुने बताए ।

दुई हप्ता वा सोभन्दा बढी समयसम्म लगातार खोकी लागिरहनु क्षयरोगको मुख्य लक्षण हो । ज्वरो आउनु, खान नरुच्नु, छाती दुख्नु र खकारमा रगत देखापर्नु क्षयरोगका लक्षण रहेका छन् । यदि कसैमा यस्ता लक्षणहरू देखापरेमा नजिकको स्वास्थ्य संस्थामा गएर सम्पर्क गर्न संयोजक कोइरालाले आग्रह गरे ।

क्षयरोगका बिरामीलाई निःशुल्क औषधि वितरण गरिँदै आएको र औषधिको अभाव नरहेको जनाइएको छ । गत आवमा विराटनगर महानगरपालिकामा १८६ जना क्षयरोगी उपचारमा आएका उनले जानकारी गराए । हालको तथ्यांकअनुसार देशभरमा ८० हजारभन्दा बढी क्षयरोगीले उपचार गराइरहेका जानकारी उनले दिए ।

यस्तै सामान्य क्षयरोगको उपचार नगराउँदा वा नियमित औषधि सेवन नगरेमा यो जीर्ण क्षयरोगमा परिणत हुने गर्छ । यो पनि नियमित उपचार गराएर नियमित औषधि सेवन गरेमा निको हुन्छ । जीर्ण क्षयरोगीले २० देखि २४ महिनासम्म औषधि नियमित खानुपर्ने हुन्छ ।

जीर्ण क्षयरोगीको उपचार लामो समयसम्म चलिरहने भएकाले क्षयरोग निवारण संस्था विराटनगरले जीर्ण क्षयरोगीका बिरामीलाई डिआर आभासगृहमा राखी उपचार गराउँदै आएको छ । जीर्ण क्षयरोगी ५६ जनामध्ये हाल १५ जना सो गृहमा बसेर आफ्नो उपचार गराउँदै आइरहेका छन् । सो गृहमा उपचार गराइरहेकालाई खाना र खाजाको समेत व्यवस्था गरिएको छ ।

प्रदेश सरकारको सहयोगमा जीर्ण क्षयरोगी बिरामीका लागि सीपमूलक तालीमहरू सञ्चालन गरिएको छ । जसअन्तर्गत सिलाइ बुनाइ, सवारी चालक, ब्युटी पार्लर, बाँसको मुढा, डोको, साइकल तथा मोबाइल मर्मत र ढाका टोपीजस्ता रहेका छन् । जीर्ण क्षयरोगीको उपचार लामो समयसम्म चल्ने भएकाले यस्ता तालीमले उनीहरूको आत्माबल बलियो हुने, व्यस्त राख्न सक्ने र काम सिकेर आयआर्जनको बाटो रोज्न सक्ने उद्देश्यले गरिएको संयोजक कोइरालाले जानकारी दिए ।

यस्तै सामान्य क्षयरोगको उपचार गराउन आएका विराटचौक निवासी कला खनालले यो रोगबारे अझै पनि मानिसमा नकारात्मक सोच रहेको र मानिसमा क्षयरोगबारे चेतनाको कमी रहेको बताए । उनले जानकारीको अभावले क्षयरोगी भएका बिरामी डराउने तथा रोग लागेको कुरा लुकाउने गरेको अनुभवसँगै यो रोगबारे विभिन्न ठाउँमा सरकारले चेतनामूलक र सन्देशमूलक कार्यक्रम गर्नुपर्ने धारणा व्यक्त गरे । त्यस्तै विराटनगर निवासी सीता फुयाँलले पनि क्षयरोग उपचार गराएर नियमित औषधि सेवन गरेमा सजिलै निको हुने रोग भएको बताए । रासस

# वरिष्ठ नेता रामचन्द्र पौडेल पुगे मनुङ्कोट भ्रमणमा

■ प्रभाव संवाददाता

**तनहुँ**–नेपाली कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल तनहुँ म्याग्दे-३ किलचोक अकला देवी मन्दिर, चर्चित मनुङ्कोट भ्रमणमा पुगेर चौरासी बर्ष पुगेका जेष्ठ नागरिकको आशीर्वाद लिएका छन् । तनहुँ जिल्ला म्याग्दे-३ निवासी जेष्ठ नागरिकको निमन्त्रणामा चौरासी पुजन कार्यक्रम बाट जेष्ठ नागरिक बद्री नाथ र मन्दरा घिमिरेको निमन्त्रणा मान्न र आशिर्वाद थाप्न उनी पुगेका थिए ।



आशीर्वाद थापिसके पछी नेता पौडेल योगि नरहरि नाथले २०५५ सालमा कोटिहोम लगाएको ठाउँ र २०७६ बैशाख १६ गते काशिशुमेरु पिठका जगत गुरु शन्कराचार्य बाट शिलान्यास गरेको मन्दिर हेर्न पुगेका थिए ।

घण्टी आफै हल्लिने भन्ने किम्बदंतिको मन्दिर हेर्न पर्यटक अकला देवी पुग्छन, त्यसै गरी तनहुँको मानुङ्कोट कुहिरो, बादल, एकै साथ सुर्यदय हेर्न, चन्द्र अस्थ हेर्न , हिमाल हेर्न पुग्दछन् ।

मानुङ्कोटबाट पश्चिमपट्टि मोटर साईकल र स्कुटिमा यात्रा गर्दा २० मिनेट मै पुगिने अकला देवीमा अहिले पैदल र मोटरसाइकल बाट पुग्ने गर्दछन् । दमौलीबाट १० किलोमीटर पश्चिम पोखराबाट ४० किमि पुर्वबाट अहिले पिच भैसकेको र करिब १.५ किमिको कच्ची बाटो जुनसुकै सवारी साधनबाट पुग्न सकिने अकला देवी मन्दिर निर्माण समितिका संयोजक रामभक्त घिमिरे बताउँछन् ।

# वीरेन्द्रनगरमा भेरीको खानेपानी ल्याइने

■ दीपेन्द्र शर्मा

**सुर्खेत**–कर्णाली प्रदेशको राजधानी रहेको सुर्खेतको वीरेन्द्रनगरमा खानेपानीको समस्या भएपछि भेरी नदीको पानी पम्पिङ गरी वितरण गरिने योजना ल्याइएको छ ।

खानेपानी समस्या दीर्घकालीन रूपमा समाधान गर्न भेरी नदीको पानी पम्पिङ गरी वितरण गरिने भएको हो । डेढ लाख जनसंख्या रहेको वीरेन्द्रनगरमा कर्णाली प्रदेशको राजधानी भएपछि बढ्दो शहरीकरण तथा जनसंख्याका कारण पानीको समस्या छ । वीरेन्द्रनगरमा खानेपानी वितरण गर्दै आएको सुर्खेत उपत्यका खानेपानी संस्थाले पानी पुर्‍याउन सकेको छैन ।

विसं २०५७ मा स्थापित सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्था (झुप्रा बृहत खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था)ले वीरेन्द्रनगरमा खानेपानी आपूर्ति गर्दै आइरहेको छ । आयोजनाले झुप्रा खोलाको पानीलाई शुद्ध गरेर उपत्यकामा पानी वितरण गरे पनि मागअनुसार पानी उपलब्ध हुन सकेको छैन ।

वीरेन्द्रनगरको खानेपानी आयोजना प्रदेश सरकारको पहिलो प्रथामिकताको आयोजना भएको प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले बताए । प्रदेश राजधानीको प्राथमिकतामा भएकाले यो आयोजनामा प्रदेश सरकारको पहिलो लगानी हुने मन्त्री ज्वालाले प्रतिबद्धता जनाए ।

सोका लागि प्रदेश सरकारले एक अर्ब रकम छुट्याइएको उनले जानकारी दिए । आयोजना ठूलो र बृहत भएकाले संघीय सरकारले नेतृत्व लिनुपर्ने ज्वालाले बताए । संघीय सरकारको नेतृत्वमा प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाले काम गर्नुपर्ने तथा त्यसका लागि आवश्यक बजेट चालू आर्थिक वर्षमै प्रदेश सरकारले व्यवस्था गर्ने उनले जनाए ।

प्रदेशको मुटुमा रहेको ठूलो तथा बहुप्रतिक्षित खानेपानी आयोजना भएकाले लामो समयका लागि योजना निर्माण गरिएको खानेपानी विभागका उपमहानिर्देशक सूर्यराज कँडेलले बताए । प्रदेश राजधानीको खानेपानी समस्या दीर्घकालीन रूपमा समधान गर्न यो आयोजना परिकल्पना गरिएको उनले जानकारी दिए ।

तीन तहको सरकारको स्रोत जुटाएर आयोजना सम्पन्न गर्ने उनको भनाइ छ । जलवायु अनुकूलन बृहत खानेपानी आयोजनाअन्तर्गत भएकाले यसमा १० प्रतिशत सहभागिता चाहिने कँडेलले बताए । उनले यहाँको जग्गा, रकमको स्रोतलगायतका काम टुङ्गिएमा तत्काल प्राविधिकले अन्तिम डिजाइनको काम गर्ने जानकारी दिए ।

संघीय सरकारले नेतृत्व गरेको बृहत खानेपानीमा प्रदेश सरकारसँगै नगरपालिकाले पनि सहयोग गर्ने नगर प्रमुख देवकुमार सुवेदीले प्रतिबद्धता जनाए । कामको विभाजन गर्दा गर्नुपर्ने कामको जिम्मेवारी लिने भन्दै आवश्यक बजेट, जग्गा प्राप्तिमा सहजीकरणलगायतका काममा साझेदारी गर्न नगरपालिका तयार रहेको प्रमुख सुवेदीले बताए ।

वीरेन्द्रनगरमा खानेपानी समस्या समधान गर्न आगामी ३० वर्षका लागि योजना तयार गरिएको अध्ययन टोली सदस्य तथा विज्ञ प्रशान्त मल्लले बताए । वीरेन्द्रनगरमा हाल १० वटा स्किम रहेकामा यो योजना निमार्ण भए २४ वटा स्किम रहने उनले जनाए । रासस


**Mai Municipality**
**Office Of The Municipal Executive**
**Sitali, Ilam**
**Province no. 1, Nepal**

**Invitation Of Bids For The Following Works**

**(Date of Publication: 2077/09/01)**

Mai Municipalityinvites Electronic Bids for the Procurement of Following Works. Bid document maybe downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam (maimun.gov.np), may email on the email address mainagarpalika@gmail.com, or may call on 9852639111at office time.**

| S. N | Name of Project | Contract ID | Estimated Cost Nrs (With Vat & Ps) | Cost of Bidding Document (Nrs) | Bid Security & Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading Works of Phulbari -Mithunkharka-Budathoki-Kanchan janga-Kaireni-Sanguri Road | MM/SQ/WORKS/07/077/78 | 10,03,687.50 | 1000.00 | 25,000.00 (75 Days) | SQ |
| 2 | Upgrading Works of Dungdungey-Loshey-Mainachuli Road | MM/SQ/WORKS/08/077/78 | 10,00,738.56 | 1000.00 | 25,000.00 (75 Days) | SQ |
| 3 | Upgrading Works of JaliKholsi-Shiva Pokhari-Old School Road | MM/SQ/WORKS/09/077/78 | 10,69,460.44 | 1000.00 | 25,000.00 (75 Days) | SQ (Second Publication) |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक
National Daily





## 'पाउमा पाउजु छमछमी'

गायक तथा संगीतकार बसन्त सापकोटाको शब्द तथा संगीतमा 'पाउमा पाउजु छमछमी' बोलको गीत तथा भिडियो सार्वजनिक भएको छ । उक्त गीतमा चर्चित गायिका मेलिना राईले स्वर दिएकी छन् । उक्त गीतको भिडियोमा सपना खड्का, सिम्रन पौडेल, अञ्जु बिश्वकर्मा तथा मालिक शाहीलाई फिचरिङ गरिएको छ । मुकेश हुमागाईंको छायाँकन, बिनोद बमको सम्पादन रहेको भिडियोको निर्देशन प्रितम पौडेलले गरेका हुन् ।




बुधबार, १ पुस २०७७ (Wednesday, December 16, 2020)




## पोस्टरमा झल्कियो सोनाल र कस्मताको प्रेम

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेमकथानक नेपाली फिल्म 'माया बस्छ कि के हो'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । राजु अधिकारीको निर्देशनमा बनेको फिल्मको राजधानीमा मंगलबार आयोजित प्रेसमिटमा फर्स्टलुकसँगै शीर्ष गीत प्रदर्शन गरिएको हो ।

नवअभिनेता सोनाल तामाङ र नवअभिनेत्री कस्मता निरौला प्रमुख भूमिकामा रहेको फिल्मको पोस्टरमा उनीहरूलाई नै फोकस गरिएको छ । शरद अधिकारीको प्रस्तुतिमा बहादुरसिंह तामाङ र गंगा गिरी निर्माता रहेको फिल्मको कथा आरती अधिकारीले लेखेकी हुन् । हल खुलेपछि प्रदर्शन मिति तय गरिने फिल्मको एसोसिएट डिरेक्टरमा आशुतोष अधिकारी र मुख्यसहायक निर्देशकमा दीपक अधिकारी छन् ।

कार्यक्रममा निर्देशक अधिकारीले आफूहरू गुणस्तरिय फिल्म निर्माणको पक्षमा रहेको बताउँदै ' माया बस्छ कि के हो' उत्कृष्ट बनाउन कुनै कसर बाँकी नराखिएको दावी गरे । उनले कथाको मागअनुसार नै फिल्म बेल्जियम,स्वीजरल्याण्ड, र नेदरल्याण्डका बिभिन्न स्थानमा खिचिएको जानकारी दिए ।

त्यसैगरी, प्रस्तुतकर्ता शरदले बिशेषत युवा पुस्तालाई लक्षित गरिएको भए तापनि 'माया बस्छ कि के हो' ले आमदर्शकको मन छुनेमा आशावादी रहेको बताए । डेब्यु अभिनेता सोनालले आफूले भरपुर मिहीनेत गरेको बताउँदै यो फिल्मले आफूलाई अभिनेताका रूपमा स्थापित गराउने बिश्वास ब्यक्त गरे । अभिनेत्री कस्मताले पनि 'माया बस्छ कि के हो'बाट आफूले अभिनेत्रीका रूपमा माया पाउने आशा ब्यक्त गरिन् ।

चलचित्र बिकास बोर्डका अध्यक्ष दयाराम दाहालको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा उनले सरकारले छिट्टै हल खुलाउने तयारी गरिरहेको जानकारी दिए । कार्यक्रममा चलचित्र निर्देशक समाजका उपाध्यक्ष राजेन्द्र उप्रेती, महासचिव जनकदीप पराजुलीलगायतले फिल्मलाई सफलताको शुभकामना ब्यक्त गरेका थिए ।

प्रेसमिटमा प्रदर्शन गरिएको 'माया बस्छ कि के हो' बोलको शीर्ष गीत शुक्रबार साइराम पिक्चर्सको युट्यवमार्फत सार्वजनिक हुने जानकारी दिइएको छ । अर्जुन पोखरेलको शब्द र संगीत रहेको सो गीतमा अन्जु पन्त र सुगम पोखरेलको स्वर छ ।

रामजी लामीछानेले कोरियोग्राफी गरेको गीतमा सोनाल र कस्मतालाई रोमान्टिक मुडमा प्रस्तुत गरिएको छ । गीत बेल्जियम, स्वीजरल्याण्ड र नेदरल्याण्डका बिभिन्न स्थानमा रबिन्द्र बरालले खिचेका हुन । बिपिन मल्लले सम्पादन गरेको फिल्ममा सोनाल र कस्मताका साथमा उपेन्द्र थापा,नरेन्द्र थापा, बेनी ढुंगाना, सब्बु पौडेल, हरिकृष्ण कार्की र तेजेन्द्र कँडेलले अभिनय गरेका छन् ।

## एकता आवाजलाई राजको सहयोग



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा समाजसेवी राज खम्बुले आफ्नी स्व. श्रीमती अन्सु राईको ३२औं जन्मोत्सवको अवसरमा उदाहरणीय काम गरेका छन् । उनले संयुक्त अपांग एकता अवाज केन्द्रलाई १ लाख २१ हजार रूपैयाँ सहयोग गरेका छन्

अन्सुको दुई वर्षअगाडी ३० वर्षको उमेरमा मस्तिष्कघातको कारणले निधन भएको थियो । स्व. अन्सु पेशाले नर्षसँगै कलाकारितामा पनि सक्रिय थिइन् । उनले विभिन्न नाटकसँगै गीतहरूमा कोरियोग्राफरको काम गरेकी थिइन् ।

गायक राज र अन्सुको दुई सन्तान ९ वर्षका एलिएन्स र ४ वर्षकी अलुम्न छन् । गायक राज खम्बुले आफ्ना गीत-सृजनाहरूमा आफ्नी स्व. श्रीमतीका लागि समर्पित गर्ने गरेका छन् ।



## भोजपुरी फिल्ममा नीता

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री नीता ढुंगाना भोजपुरी फिल्म ' माही'मा अनुबन्धित भएकी छन् । चन्द्र वन्तको निर्देशनमा बन्न लागेको यस फिल्ममा नीता मुख्य भूमिकामा देखिने छिन् ।

फिल्म 'माही'का लागि निर्माण टिमले काजल राघवानीसँग सम्झौता गरेको थियो । तर, विशेष कारणले उनले फिल्म गर्न नसक्ने बताएपछि नीतालाई अनुबन्ध गरिएको बताइएको छ ।

कात्यायन फिल्म क्रियशनको ब्यानरमा निर्माण हुने फिल्मलाई अरुणकुमार मिश्र र रितेश वन्दना श्रीवास्तवले निर्माण गर्न लागेका हुन् । फिल्मको सहनिर्मातामा आद्या गुप्ता र ज्योति दिनेश पाण्डे पनि जोडिएका छन् ।

उक्त फिल्ममा नीतालगायत आनन्द ओझा, प्रशान्त ताम्राकार, नरेन खड्का, संजय पाण्डे, जुनैद शेख, शिवेश देवनाथ, आयज खान र संजय माहानन्दको मुखय अभिनय रहने बताइएको छ ।

फिल्मको छायाँकन ट्युनिसिया, स्कटल्याण्ड र टर्कीमा गरिने निर्माणपक्षले जानकारी दिएको छ । फिल्ममा मनिष किशोरको पटकथा तथा संवाद, रामजी लामिछाने र कानु मुखर्जीको कोरियोग्राफी, ओम झाको संगीत, विरेन्द्र पाण्डे र ड्रेगन प्रकाशको एक्सन रहने छ ।



गौतमबुद्ध कप क्रिकेट

## राप्तीलाई उपाधि




■ प्रभाव संवाददाता

**चितवन –** राप्ती टिमले गौतमबुद्ध कप टी ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । फाइनल खेलमा नारायणीलाई ९ रनले पराजित गर्दै राप्तीले पहिलो संस्करणको उपाधि जितेको हो ।

भरतपुरमा निर्माणाधिन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको नमुना मैदानमा १ सय ४४ रनको लक्ष्य पछ्याएको नारायणीले २० ओभरमा ९ विकेट गुमाएर १ सय ३४ रनमा समेटियो ।

उसका आरिफ शेखले सर्वाधिक ४८ रन बनाए । ३१ बलको सामना गरेका उनले ४ चौका र ३ छक्का प्रहार गरे । यस्तै, रित गौतम र इशान पाण्डेले समान २७र२७ रनको योगदान गरे ।

राप्तीका अविनास बोहराले ३ तथा भुवन कार्कीले २ विकेट हात पारे । यसअघि पहिले ब्याटिङ गरेको नारायणीले २० ओभरमा १ सय ४३ रन बनाएको थियो ।

उत्कृष्ट सुरुवात गरेको राप्तीको लागि कुशल भुर्तेलले सर्वाधिक ४२ रनको आक्रामक पाली खेले । यस्तै, बिनोद भण्डारीले ३२, अमित श्रेष्ठले १७ र शरद भेषवाकरले १० रन बनाए । नारायणीका शाहाब आलमले ३, सुशन भारीले २ र कप्तान करन केसीले १ विकेट हात पारे । प्रतियोगिता अन्तर्गत उदयमान खेलाडीमा नारायणीका शाहाब आलम घोषित भए । उनले नगद १५ हजार प्राप्त गरे । यस्तै उत्कृष्ट ब्याट्सम्यान राप्तीका कुशल भुर्तेल र उत्कृष्ट बलर नारायणीका करन केसी घोषित भए । दुवै खेलाडीले नगत समान २५/२५ हजार प्राप्त गरे ।

यस्तै प्रतियोगिताका उत्कृष्ट खेलाडी बनेका अविनास बोहराले नगत ४५ हजार प्राप्त गरे । तीन टिम सहभागी प्रतियोगिता बागमती प्रदेश क्रिकेट संघले आयोजना गरेको थियो । लामो समयदेखि क्रिकेट ठप्प रहेको कारण क्रिकेट चलायमान बनाउन प्रदेश क्रिकेट संघले प्रतियोगिता आयोजना गरेको हो ।

## बिग बास खेल्न सन्दीप अस्ट्रेलियातर्फ



**काठमाडौं–** नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछाने बिग बास लिग (बिबिएल) क्रिकेट खेल्न अष्ट्रेलिया गएका छन् । उनी तेस्रोपटक बिग बास खेल्न कतार एयरवेजको उडानमार्फत त्यसतर्फ गएका हुन् ।

लामिछाने बुधबार अस्ट्रेलिया पुगेपछि १४ दिनको क्वारेन्टिनमा बस्ने उनका व्यवस्थापक रमन शिवाकोटीले जानकारी दिए । बिग बास भने गत बिहीबारदेखि नै शुरु भइसकेको छ । क्वारेन्टिनमा बस्नुपर्ने भएकाले लामिछानेले शुरुआती छ खेल गुमाउँछन् । यस पटक उनले होबार्ट हुरिकेन्सबाट बिग बास खेल्दैछन् ।

लामिछानेले यसअघि दुई यामको बिग बास लिग मेलबर्न स्टार्सबाट खेलेका थिए । उनले पछिल्ला दुई याममा २० खेल खेल्दै २६ विकेट लिएका थिए । उनी आबद्ध होबार्ट आफ्नो तेस्रो खेल एडिलेड स्टाइकर्ससँग पराजित भएको छ भन यसअघिका दुवै खेलमा विजयी भएको थियो ।

हालसम्मको खेल प्रदर्शनका आधारमा लामिछानेको टोली होबार्ट सात अंकसहित लिगको दोस्रो स्थानमा रहेको छ ।

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट

## गण्डकी प्रदेशद्वारा छनोट तालिका सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** गण्डकी प्रदेश क्रिकेट संघले प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको छनोट तालिका सार्वजनिक गरेको छ । प्रादेशिक क्रिकेट संघले मंगलबार ४ जिल्ला समावेश गर्दै छनोट तालिका सार्वजनिक गरेको हो ।

पोखरा रंगशाला क्रिकेट मैदानमा हुने छनोट पौष ३ गते सुरु हुनेछ । छनोटमा स्याङ्जा, कास्की, तनहुँ र नवलपुरले सहभागिता जनाउने छन् ।

छनोट प्रतियोगिताको पहिलो दिन स्याङ्जा र कास्की, दोस्रो दिन तनहुँ र स्याङ्जा, तेस्रो दिन नवलपुर र तनहुँ, चौंथो दिन स्याङ्जा र नवलपुर, छैठौं दिन कास्की र तनहुँ अन्तिम दिन नवलपुर र कास्की भिड्ने छन् । प्रधानमन्त्री कपका लागि क्यानले खेलाडी छनोटको आवहान गरेपछि प्रादेशिक क्रिकेट संघले छनोट प्रतियोगिता गर्दै आएका छन् ।

क्यानले पौष ११ गतेबाट काठमाडौँमा प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता आयोजनाको तयारी गरेको छ ।

यसैबीच कास्की जिल्ला क्रिकेट संघले आसन्न प्रधानमन्त्री कप राष्ट्रिय त्रिकेट प्रतियोगिताका लागि कास्की जिल्लाबाट पुरुष खेलाडी छनोट गरेको छ ।

गत मङ्सिर २३ देखि २९ सम्म पोखरा रंगशालामा आयोजना गरिएको क्लबस्तरीय छनोट प्रतियोगिताबाट दुई वैकल्पिकसहित १६ खेलाडी छनोट गरिएको क्रिकेट संघका जिल्ला अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

छनोट भएका खेलाडीमा विपीन खत्री (कप्तान), दिपेश खत्री, अभिषेक थापा, साहिल कार्की, अरुण अधिकारी, सुदीप पौडेल, अर्जुन कुमाल, कृष्ण पौडेल, अमृत गुरुङ, विश्व कार्की, रमेश बस्नेत (विकेट किपर), सुवास भण्डारी, नितेश गिरी र देव साह छन् ।

यसैगरी वैकल्पिक खेलाडीमा विकास क्षेत्री र तेजेन्द्र घर्तीमगर तथा टोली प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापक चन्द्रकुमार गुरुङ हुन् । संघका अध्यक्ष सिग्देलका अनुसार छनोट भएका खेलाडी आगामी पुस ३ देखि शुरु हुने प्रादेशिक छनोट प्रतियोगिताका लागि पुस १ गतेदेखि पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बन्द प्रशिक्षणमा सहभागी हुनेछन् ।




प्रदेश छनोटमा कास्कीसहित नवलपुर, तनहुँ र स्याङ्जाको टोलीले प्रतिस्पर्धा गर्ने छन् ।

चार जिल्लाका खेलाडीबीचको प्रतिस्पर्धाबाट गण्डकी प्रदेशस्तरीय टोली छनोट गरी पुस ११ देखि सञ्चालन हुने प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेशको टोलीले प्रतिस्पर्धा गर्ने कास्की जिल्ला क्रिकेट संघले जनाएको छ ।

# पद हस्तान्तरण कार्यक्रममा ट्रम्प सहभागी नहुने संभावना



**वासिङ्टन**–अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प आगामी जनवरी २० मा हुने राष्ट्रपतिको पद हस्तान्तरण कार्यक्रममा सहभागी नहुने संभावना देखिएको छ। राष्ट्रपतीय निर्वाचनको मत परिणाम अस्वीकार गर्दै आएकाले उनी पद हस्तान्तरण कार्यक्रममा सहभागी नहुने भएको स्रोतले जनाएको छ।

निर्वाचन आयोग र अदालतसमेतले निर्वाचनको परिणामलाई प्रश्न उठाउने आधार र प्रमाण नभएको दावी गरे पनि उनले भने अस्वीकार गर्दै आएको छ। उनले मत परिणामप्रति असन्तुष्टि जनाउँदै हुलाकबाट प्राप्त भएका मत बदर गर्न विभिन्न अदालतमा मुद्दा दायर गरेको थियो तर पर्याप्त आधार र वस्तुनिष्ठ प्रमाणको अभाव देखाउँदै उनका सबै मुद्दालाई राज्यस्तरका र सर्वोच्च अदालतसमेतले अस्वीकार गरिसकेका छन्।

अमेरिकामा हरेक चार वर्षको नोभेम्बरमा राष्ट्रपति र उपराष्ट्रपति चयनका लागि निर्वाचन हुने र जनवरी २० तारिखका दिन पद हस्तान्तरण हुने व्यवस्था रहेको छ।

सोही व्यवस्थाअनुसार यस पटक भएको निर्वाचनमा बहालवाला राष्ट्रपति तथा रिपब्लीकन उम्मेदवार ट्रम्पलाई पराजित गर्दै डेमोक्र्याटतर्फका उम्मेदवार तथा पूर्वउपराष्ट्रपति जो बाइडेन राष्ट्रपतिमा निर्वाचित भएको छ।

राष्ट्रपति कार्यालयका एक जना सल्लाहकारलाई उद्धृत गर्दै स्रोतले जनाएअनुसार जनवरी २० मा हुने पद हस्तान्तरण कार्यक्रममा ट्रम्प सहभागी नहुने मनस्थितिमा पुगेका हुन्।

उनले दोस्रो कार्यकालका लागि पनि आफूले नै जितेको तर धाँधली गरेर आफूलाई हराइएको दावी गर्दै आएको छ। (रासस/एएनआई)

# बम आक्रमणमा वरिष्ठ अफगान अधिकारीको हत्या

**काबुल**–अफगानिस्तानको राजधानी काबुलमा मङ्गलबार भएको बम विस्फोटनमा प्रान्तीय गभर्नरका सहयोगीसमेत अर्का एक व्यक्तिको ज्यान गएको गृह मन्त्रालयले जनाएको छ।

अफगान गृह मन्त्रालयका प्रवक्ता तारिक आरियानले महबुबुल्लाह मुहिबी र उनका कार्यालय सहयोगी बम आक्रमणमा मारिएको बताए। दुबै सरकारी पदाधिकारी चढेको सवारी साधनमा बम राखेर रिमोटबाट पड्काइएको बताउँदै प्रवक्ता तारिकले सवारी साधनमा रहेका दुई सुरक्षाकर्मी गम्भीर घाइते भएको जानकारी दिए।

आक्रमणबाट सवारी साधन पनि नराम्रोसँग क्षतिग्रस्त भएको छ। प्रवक्ता तारिकले उक्त घटनाको अनुसन्धान भइरहेको बताए।

उक्त आक्रमणको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन। तर अफगान सरकारी अधिकारीले उक्त आक्रमण विद्रोही तालिबानले गराएको दाबी गरेका छन्।

हालैका महिनामा अफगानिस्तानका ठूला शहरमा तालिवान समूहले घुसपैठ गरी सिलसिलाबद्ध आक्रमण जारी राखेको अफगानी अधिकारीको भनाइ छ।

मङ्गलबार नै काबुलकै पूर्वीक्षेत्रमा सशस्त्र लडाकूले प्रहार गरेको गोली लागेर एक जना प्रहरी अधिकृतको ज्यान जानुका साथै अरु दुई प्रहरी घाइते भएका छन्।

गत नोभेम्बर महिनामा मात्र झण्डै ४४ जनामाथि भएका व्यक्ति-लक्षित आक्रमणमा ज्यान गइसकेको छ। (रासस/सिन्ह्वा)


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ARZ AUTOMATIC BAKERY**

पुर्व स्वीकृति मिति २०७६/१२/०६ पुन : विज्ञापन स्वीकृति मिति २०७७/०८/२९ LT. No. 235181 चलानी नं. ६०१५३६११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PORTER | 7 | 0 | 900 | २९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | COOKER | 1 | 0 | 1500 | ४८,३७५ | | | | | | | |
| 3 | GEN CLEAN WORKER | 5 | 0 | 900 | २९,०२५ | | | | | | | |
| 4 | BAKER | 1 | 0 | 1400 | ४५,१५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः पौष १९ गते (3rd Jan. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | कामदार आफैँले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Nepal
Phone No. +977-01-4474652, 4474653/ 9801007279,
Website: www.earthsmart-nepal.com
Email : earthsmartnepal1050@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CONVERT ENGINEERING & TRADING WLL**

पूर्व स्वीकृति मिति :२०७७/०८/३० LT. No.235462 चलानी नं.६०१५३८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 100 | 0 | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **AMAYEL**

पूर्व स्वीकृति मिति :२०७७/०८/३० LT. No.235482 चलानी नं. ६०१५३८५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 2 | 0 | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः पौष ८ गते (23th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Sunlight Recruitment Service Pvt.Ltd.**

श्रम ईजाजत नं. ११८९/०७३/०७४

Kathmandu, Nepal Tel.01-4620777
E-mail: sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com


## Satyawati Rural Municipality
## Office of Rural Municipal Executive

**Johang , Gulmi**
**Province No. 5**

## Invitation for Bids

**Invitation for Bids for for Procurement of Desktop computer, Printer, Scanner and 4G Wireless Dongle for strengthening VER and SP system of Ward office**

**Date of publication: 16-12-2020 (2077/09/01)**

1. Office of Satyawati Rural Municipality, Johang , Gulmi invites electronic bids from eligible bidders for the Procurement and Transportation of "abricated Steel Parts "or Health Post Jodne Steel Truss Bridge.

| S.N | Contract No. | Description | Estimated Amount (Including Vat) | Bid Security (Nrs.) | Bid Document "ee (Nrs.) |
|---|---|---|---|---|---|
| | SRM-GUL -G-SQ-03 /2077/78 | Procurement of Desktop computer, Printer, Scanner and 4G Wireless Dongle for strengthening VER and SP system of Ward office | 8,39,816.00 | 22000 Validity 75 Days) | 1000 |

2. Eligible Bidders may obtain further information, inspect and submit the bidding document at PPMO website

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank: NCC Bank, Khaireni Branch<br>Name of Office: Satyawati Rural Municipality<br>Office Account no.:1470000018301 | Name of the Bank: NCC Bank, Khaireni Branch<br>Name of Office: Satyawati Rural Municipality<br>Office Account no.: 1470000005101 (Dharauti Khata) |

| Last Date and Time for Purchase | Date and Time "or Submission | Date and Time "or Opening |
|---|---|---|
| Date: B.S 2077/09/15 (30-12-2020) | Date: B.S 2077/09/16 (31-12-2020) | Date: B.S 2077/09/16 (31-12-2020) |
| Time : Within Office Hour | Time: Before 12:00 Hours | Time: 14:00 Hours |

**Chief Administrative Officer**

## नाम परिवर्तन सम्बन्धी सूचना

ईगल इन्टरप्राइजेज (**प्रा.लि. नं. १७४९०१**) को मिति २०७७/०८/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"सुयोग्य ग्रुप प्रा. लि."** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

## सामूहिक युवा प्रयास बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड

त्रिपुरेश्वर- ११, सम्पर्क नं. ०१-४२१५४४७, ९८५११७७८६१६

### तेस्रो वार्षिक साधारण-सभाबारे सूचना

उपरोक्त सम्बन्धमा यस **सामूहिक युवा प्रयास बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**को मिति २०७७/०६/०५ गते बसेको संचालक समितिको बैठकको निर्णयअनुसार संस्थाको तेस्रो वार्षिक साधारण-सभा विभिन्न प्रस्तावहरू उपर छलफल गरी पारित गर्न निम्न मिति, समय र स्थानमा हुने भएकाले उक्त साधारण-सभामा सम्पूर्ण सेयर सदस्यज्यूहरूलाई गरिमामय उपस्थितिका लागि विनम्र अनुरोध गर्दछु।

**प्रस्तावहरू**

१) संचालक समितिको तर्फबाट सचिवले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन सम्बन्धमा।
२) आ.ब.०७६/०७७ मा संचालक समितिको निर्णयले भए/गरेको सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने।
३) आ.ब.०७७/०७८ का लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) आ.ब.०७६/०७७ को लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा।
५) लेखा समितिको प्रतिवेदनमाथि छलफल सम्बन्धमा।
६) विनिमय संसोधन गर्ने सम्बन्धमा।
७) सञ्चालक समिति तथा लेखा समिति निर्वाचन सम्बन्धमा।
८) सेयर पुँजी वृद्धि गर्ने सम्बन्धमा।
९) तेस्रो साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि सेयरधनीहरूको तर्फबाट र संचालक समितिको तर्फबाट प्रतिनिधि छनोट गर्ने सम्बन्धमा।
१०) विविध।

**साधारण-सभा हुने मिति, समय र माध्यम :**

**मिति** : २०७७/०९/१७ (शुक्रबार)
**समय** : २:०० बजे (दिउँसो)
**स्थान** : न्यू तरेवा सेकुवा एण्ड नेपाली चुलो सभा हल गल्फुटार-७

**सचिव**
**संचालक समितिको आज्ञाले**

## वोलपत्र स्वीकृतीको आशयको सुचना

**(मितिः२०७७/०९ /०१)**

यस **पुर्वाधार विकास कार्यालय,काभ्रे**को मिति २०७७ /०६ /३० तथा २०७७ /०७ /२८ मा खोलिएको तपशिलमा उल्लेखित आयोजना हरुको वोलपत्रदाताको बोलपत्र न्युनतम र सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम निजले पेश गरेको वोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ। यस सुचनामा दावीविरोध गर्न चाहाने वोलपत्रदाताहरुले ऐनको दफा ४७ अनुसार यस कार्यालयमा निवेदन दिनुपर्नेछ अन्यथा दफा २७(३) अनुसार खरिद प्रकिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराईन्छ।

| S. N. | IFB No | Lowest & substantially; Responsive Bidder | Bid Price with VAT & PS |
|---|---|---|---|
| 1 | 09-IDOKAVRE/ 2077/078 | Busy Bee Construction Pvt. Ltd, | 22,78,587 |
| 2 | 13-IDOKAVRE/ 2077/078 | Ganesh & Ganga Construction Pvt. Ltd., | 6229277.91 |
| 3 | 14-IDOKAVRE/ 2077/078 | R.G. Construction, Changunarayan-03, | 4845789.63 |
| 4 | 15-IDOKAVRE/ 2077/078 | P.S.K Nirman Sewa Pvt.Ltd, | 1885015.11 |
| 5 | 16-IDOKAVRE/ 2077/078 | Dibyashwori Nirman Sewa, Banepa, Kavre | 1950486.98 |
| 6 | 17-IDOKAVRE/ 2077/078 | Bhotsipa Nirman Sewa, Kavre | 1605522.53 |
| 7 | 18-IDOKAVRE/ 2077/078 | New Benjamin Enterprises, Kathmandu | 3409063.85 |
| 8 | 19-IDOKAVRE/ 2077/078 | D.S. Nirman Sewa, Dhuseni-03, Kavre | 1670598.35 |
| 9 | 20-IDOKAVRE/ 2077/078 | Janak Nirman Sewa, Arghakhanchi | 1420695.52 |
| 10 | 21-IDOKAVRE/ 2077/078 | The Great construction Pvt. Ltd., Bhaktapur | 2167048.63 |
| 11 | 22-IDOKAVRE/ 2077/078 | Kishan & Dristi Builders Pvt. Ltd., .Kathmandu | 1576929.32 |
| 12 | 23-IDOKAVRE/ 2077/078 | Sugam Engineering & construction, Kathmandu | 3353606.10 |
| 13 | 24-IDOKAVRE/ 2077/078 | Sangden Construction, Kavrepalnchok | 1477304.00 |
| 14 | 25-IDOKAVRE/ 2077/078 | M.B.S. Construction, Kavrepalnchok | 1959220.75 |
| 15 | 26-IDOKAVRE/ 2077/078 | The Great construction Pvt. Ltd., Bhaktapur | 2438626.14 |
| 16 | 27-IDOKAVRE/ 2077/078 | Bhotsipa Nirman Sewa, Dhulikhel-7, Kavre | 45,52,585.45 |
| 17 | 28-IDOKAVRE/ 2077/078 | B.S.P. Nirman Sewa Pvt.Ltd, | 5329440.675 |
| 18 | 29-IDOKAVRE/ 2077/078 | B.I.S Construction Pvt.Ltd, dhulikhel 4, | 3792487.75 |
| 19 | 30- IDOKAVRE/ 2077/078 | Bhotsipa Nirman Sewa, Dhulikhel-7, | 10137073.73 |
| 20 | 31-IDOKAVRE/ 2077/078 | T.S.N. Construction Pvt. Ltd. Jorpati | 3536492.65 |
| 21 | 32-IDOKAVRE /2077/078 | Busy Bee Construction Pvt. Ltd, | 1190058.05 |
| 22 | 33-IDOKAVRE/ 2077/078 | DNO Nirman Sewa,Kavre | 1968402.51 |
| 23 | 34-IDOKAVRE/ 2077/078 | P.S.K Nirman Sewa Pvt.Ltd, | 2697056.28 |
| 24 | 35-IDOKAVRE/ 2077/078 | P.S.K Nirman Sewa Pvt.Ltd, | 3823566.70 |
| 25 | 36-IDOKAVRE/ 2077/078 | Lama Pragat- Moktan Mani JV | 6879962.45 |
| 26 | 37-IDOKAVRE/ 2077/078 | Sangden Construction, Banepa. | 19,20,306.13 |

**कार्यालय प्रमुख, पुर्वाधार विकास कार्यालय,काभ्रे**


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१। ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौँ सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९००००/- | प्रति तोला - ८९५००/- | प्रति तोला - ११५०/- |

## कर्पोरेट

## साल्ट ट्रेडिङ्को वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं–** साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको ५३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। कर्पोरेशनले कम्पनी ऐन २०६३ को अधिनमा रही तयार पारिएको ५३ औं वार्षिक प्रतिवेदनका साथै २०७६ साल आषाढ मसान्तसम्मको कर्पोरेशनको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा कर्पोरेशनले गरेको विभिन्न कृयाकलापहरूको बारेमा छलफल एवं समिक्षा गरि आगामी दिनहरूमा अझ बढी प्रभावकारी ढंगले अगाडी बढन मार्गदर्शनका साथ वार्षिक प्रतिवेदनलाई अनुमोदन गरेको छ।

कर्पोरेशनको प्रस्तुत वर्षको कारोबारलाई तुलनात्मक रूपमा मूल्याङ्कन गर्दा नून, रासायनिक मल, लगायत व्यापारिक कारोबार सन्तोषजनक रहेको र विभिन्न क्षेत्रको लगानी उपलब्धीमूलक रहेको छ। कर्पोरेशनले गुणस्तरीय वस्तुहरूको कारोबार गरि आम उपभोक्तालाई खाद्यवस्तु, रासायनिक मल तथा अन्य वस्तुहरूको सरल र सहज आपूर्ति गरि सामाजिक उत्तरदायित्व वहन गर्दै रु.८ अर्ब २५ करोडको कारोबार गर्न सफल भएको छ। उक्त कारोबारबाट कर्पोरेशनले आ.व. २०७५/०७६ मा कुल मुनाफा ७३ करोड १४ लाख आर्जन गर्न सफल भएको छ।

कर्पोरेशनले अंगालेको व्यापार विविधिकरणको नीति अनुरूप कर्पोरेशनको चुक्ता पूंजीको आवश्यकतालाई दृष्टिगत गरी यस वर्षको मुनाफाबाट शेयरधनीहरूलाई १० प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्तावलाई स्विकृत गरेको छ।

## एनआईसी एशिया र सेन्टबी रेमिटबीच सम्झौता




**काठमाडौं–** दक्षिण कोरियाबाट नेपालका जुनसुकै बैंक तथा वित्तीय संस्थाहरूका खातामा रकम तुरुन्त पठाउन सकिने गरी एनआईसी एशिया बैंक र सेन्टबी रेमिटबीच रणनीतिक साझेदारीको सुरुवात भएको छ। यस सम्झौतापछि दक्षिण कोरियामा बस्दै आएका नेपाली महानुभावहरूले अब बिना झन्झट मोबाइल एवं कम्प्युटरको प्रयोगबाटै यस बैंक तथा नेपालका अन्य कुनै बैंक खातामा अनलाइनमार्फत रकम जम्मा गर्न सक्नेछन्।

उक्त सुविधाका अलावा कोरियाबाट देशभर छरिएर रहेका यस बैंकका १० हजार भन्दा बढी रेमिट्यान्स एजेन्टहरूमार्फत आफुले इच्छाएको व्यक्तिलाई सहज रूपमा रकम पठाउन समेत सकिने व्यवस्था रहेको छ। कोरियामा रहेका नेपालीले रेमिटको वेबसाइट सेन्टबीडटकम तथा मोबाइल एपमार्फत कुनै पनि खाता तथा आफन्तका नाममा रकम पठाउन सक्ने जानकारी दिइएको छ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३३३ शाखा कार्यालयहरू, ४७१ एटिएम, ९६ वटा एक्स्टेन्सन काउण्टर एवं ७४ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ।

## बीओके–डिबेञ्चर २०८६ को निष्काशन बन्द

**काठमाडौं–** बैंक अफ काठमाण्डू लिमिटेडले सार्वजनिक गरेको डिजेन्जरको बिक्री निष्काशन बन्द गरेको छ। बैंकले सर्वसाधारण तथा ब्यक्तिगत लगानीकर्ता महानुभावहरूको दीर्घकालीन लगानीमा उच्चतम् प्रतिफल सुनिश्चितता हुने एवं सुरक्षित लगानी हुने दृष्टिकोणबाट मिति २०७७ मंसिर २४ गते देखी सार्वजनिक गरेको ८.५ प्रतिशत बिओके डिबेञ्चर २०८६ सोमबारदेखि बन्द गरिएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

बैंकले निष्काशन गरेको उक्त ऋणपत्रमा लगानीकर्ता महानुभावहरूको उत्साहजनक सहभागिताले गर्दा निर्धारण गरिएको छिटो अन्तिम मितिमा नै बन्द भएको जानकारी बैंकले गराएका छ। उक्त ऋणपत्र निष्काशनको लागि नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई बिक्री प्रबन्धकमा नियुक्त गरेको थियो।

## माछापुच्छ्रे र एमएडब्लुबीच सम्झौता



**काठमाडौं–** माछापुच्छ्रे बैंकले हेभि इक्युप्मेन्टका खरिदकर्तालाई सुविधायुक्त योजनाका लागि सम्झौता गरेको छ। बैंक र एमएडब्लु अर्थमुभर्स प्रालिबीच जेसिबी ब्रान्डका हेभि इक्युपमेन्ट खरिद गर्ने ग्राहकको सुविधालाई ध्यानमा राखी सम्झौता गरको जनाएको हो। उक्त सम्झौता पत्रमा एमएडब्लुका तर्फबाट बिष्णु कुमार अग्रवाल तथा माछापुच्छ्रे बेंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले हस्ताक्षर गरेका थिए।

सम्झौताअनुसार माछापुच्छ्रे बैंकले देशभर रहेका आफ्ना शाखा कार्यालयहरू मार्फत र कम्पनीले देशभर रहेका डिलरबाट जेसिबी ब्रान्डका नयाँ हेभि इक्युपमेन्ट खरिद गर्न चाहने ग्राहकहरूलाई सहज र सरल रूपमा सेवा प्रदान गर्नेछ।

बैंकले देशभरका १६० वटा शाखाहरू, १३३ शाखारहित बैकिङ्ग सेवा र ५ एक्सटेन्स काउण्टरसमेत गरी जम्मा २९८ स्थानमा रहेका सेवा सञ्जाल तथा १९८ वटा एटीएमहरू तथा १ हजारभन्दा बढि पिओएसाार्फत सेवा दिँदै आएको छ।

रिलायन्स लाइफले नेपाल स्टारका विजेताको बिमा गर्ने

काठमाडौं- रिलायन्स लाइफ इन्स्योरेन्स लि. ले नेपाल स्टारको विजेता लाई एक करोड बराबरको जीवनशान्ति बीमा योजना प्रदान गर्ने भएको छ। यसको अतिरिक्त कम्पनीले दोस्रो, तेस्रो र चौथो स्थान हासिलगर्ने प्रतिस्पर्धीलाई पचास लाख बराबरको जीवनशान्ति बीमा योजना प्रदान गर्ने भएको छ।

सो सम्बन्धि सम्झौता पत्रमा रिलायन्स लाइफ इन्स्योरेन्स का प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली र कि एडभरटाजिङ सर्भिस प्रा.लि. का प्रबन्ध निर्देशक रबिन्द्र कुमार रिजालले हस्ताक्षर गरेका छन्।

सम्झौता कार्यक्रममा कार्यक्रमका नेपाल स्टारका निर्णायक मण्डलका सदस्य वरिष्ठ संगीतकार आलोक श्री र राम कृष्ण ढकाल लगायत  कम्पनीका वरिष्ठ पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

## सिद्धार्थ बैंकले स्कोरकार्ड मोडलमा कर्जा दिने

SiddharthaBank

**काठमाडौं–** सिद्धार्थ बैंक लिमिटेडले ग्राहकको वित्तीय तथा गैर वित्तीय सुचांकहरूको आधारमा कर्जा स्वीकृती प्रक्रिया 'स्कोरकार्ड मोडल' को प्रारम्भ गरेको छ।

स्कोरकार्ड मोडल अन्तर्गत बैंकले रु एक करोड सम्मको लघु, साना तथा मझौला कर्जा ग्राहकले आवश्यक सम्पूर्ण कागजात पेश गरेको २४ कार्य घण्टाभित्र स्वीकृत गरिने व्यवस्था मिलाएको छ।

यो स्कोरकार्ड मोडल सिद्धार्थ बैंक र यूकेएड सक्षम एक्सेस टु फाईनान्स प्रोग्रामबीचको सहकार्यमा देशको लघु, साना तथा मझौला उद्यमहरूको लागि सरल प्रक्रियामा कर्जा प्रदान गर्ने जनाएको हो।

## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरूलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरून्त उपचारका लागि जाने बानीको विकास गरौं ।
- शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाँस र पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोका कारण पुशपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरून्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेन्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
प्रदेश नं. १, नेपाल

## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०७७/०४/२५ गतेदेखि लागू हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ।

ज्याकेट विज्ञापन रू. १५,00,000/-

सरकारी

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३00/- | २१00/- |
| भित्री पृष्ठ | १५00/- | १३00/- |
| अन्तिम पृष्ठ | १९00/- | १७00/- |

प्राइभेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | १७00/- | १६00/- |
| भित्री पृष्ठ | १२00/- | १000/- |
| अन्तिम पृष्ठ | १५00/- | १४00/- |

नोटः उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन।

प्रभाव पब्लिकेसन प्रा.लि.
धुम्बराही-४, काठमाडौं।
फोन नं. : ०१-४३७३५७७, ४३७७८११
इमेल : marketing2prabhab@gmail.com
वेबसाइट : www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बु, सम्पादकः कमलराज राई